ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५औं वर्ष
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३३४ ॥ सोमबार ११ जेठ २०८३ ॥ नवमी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Monday 25 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## १७ जनाले गरे रक्तदान

सन्देश संवाददाता



हेटौंडा/हेटौंडा उपमहानगरपालिका-११ स्थित थानाभन्याङमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । ५४ औं विश्व वातावरण दिवसको अवसर पारेर उक्त कार्यक्रम आयोजना गरिएको हो ।

टोल विकास संस्था वडा समन्वय समिति, हेटौंडा-११ को आयोजना तथा वडा नम्बर ११ कार्यालयको आर्थिक सहयोगमा सञ्चालित रक्तदान कार्यक्रममा बागमती प्रदेश प्रहरी गणका ५ जना प्रहरीसहित १७ जनाले रक्तदान गरेका थिए ।

वडा समन्वय समिति हेटौंडा-११ का अध्यक्ष यज्ञबहादुर आचार्यको सभाध्यक्षता तथा वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा वडा सदस्यद्वय विकास नेपाल र गोपिनी सापकोटा, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष तथा टोल विकास संस्था नगर समन्वय समितिका उपमहासचिव देवकुमार श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# सात लाखले रोकियो पहिलो ग्राभिटी रोपवे

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको तत्कालीन नामटार (हाल कैलाश गाउँपालिका-९) मा निर्माण गरिएको नेपालको पहिलो ग्राभिटी रोपवे लामो समयदेखि बन्द अवस्थामा छ । करोडौं सरकारी लगानीमा निर्माण गरिएको संरचना मर्मत तथा व्यवस्थापन अभावका कारण प्रयोगविहीन बनेको हो ।

उक्त क्षेत्रमा सडक पहुँच भए पनि बर्खायाममा सडक हिलो र चिप्लो हुने भएकाले सवारीसाधन सञ्चालन गर्न कठिनाइ हुने गरेको छ । वर्षायाममा यातायात अवरुद्ध हुँदा दैनिक उपभोग्य सामग्री ढुवानी, बिरामी ओसारपसार तथा कृषि उत्पादन बजारसम्म पुऱ्याउन समस्या हुने गरेको छ । पहिले रोपवे सञ्चालनमा हुँदा माथिल्लो बस्तीबाट सामान तल ल्याउन र आवश्यक सामग्री माथि लैजान सहज हुने गरेको थियो । हाल रोपवे बन्द भएपछि पुरानै परम्परागत् ढुवानी प्रणालीमा निर्भर हुनु परेको छ ।

रोपवेको तार चुडिँदा स्थानीय समस्यामा परेका छन् । बिनाविद्युत् र इन्धनबाट चल्ने ग्राभिटी रोपवे २०८१ भदौ १४ देखि बन्द अवस्थामा छ । रोपवेको तार परिवर्तन गरेर मर्मत गर्न नसक्दा स्थानीयले उत्पादन गरेका कृषिजन्य वस्तु बजारसम्म पुऱ्याउन र आवश्यक सामान बजारबाट गाउँमा लैजान समस्या भएको घैराङडाँडाकी ठूलीमाया रुम्बाले बताइन् ।

रोपवेको तार मर्मत गर्न करिब ७ लाख लाग्ने अनुमान गरिएको छ । तर, हालसम्म कार्यालयहरुले चासो नदिएको स्थानीयको गुनासो छ । तरकारी उत्पादनबाट किसानले वार्षिक २ करोडभन्दा बढी आम्दानी गर्ने कैलाश गाउँपालिका-९ का अध्यक्ष भुवनसिंह घलानले बताए । रोपवेको तार छिनेपछि कसले मर्मत गर्ने भन्नेबारे अन्यौलता देखिएको उनले बताए ।

उपभोक्ता समितिले रोपवेमा सामान ढुवानीबापत् भाडा उठाउन



ठेक्का दिएको ठेकेदारले भाडाको पैसा नदिएपछि समस्या भएको वडा अध्यक्ष घलानले बताए ।

घैराङका स्थानीय पूर्णसिंह गोलेले तार छिनेसँगै रोपवेमा रहेको दुई वटा बकेटमध्ये एउटा बकेट पूर्ण क्षति भएको बताए । रोपवे मर्मत गर्नेबारे उपभोक्ता समितिको एकमत नभएपछि समस्या भएको उनले बताए । रोपवे बन्द हुँदा समस्या भएको कैलाशका सुन्दर रानामगरले बताए ।

घैराङडाँडाबाट मात्र एक मिनेट ५५ सेकेन्डमा नामटार कञ्चेरी स्टेसनमा सामान ढुवानी हुने गर्छ । दुई घण्टा लाग्ने बाटोमा रोपवेले दुई मिनेटमै सामान ल्याइदिने र भाडा पनि निकै सस्तो थियो । सडक-सञ्जालले नछोएको ग्रामीण क्षेत्रका बासिन्दालाई लक्षित गर्दै मकवानपुरको बिकट गाविसमा गुरुत्वाकर्षण शक्तिबाट चल्ने रोपवे चलाइएको थियो । सुरुमा सबैले अचम्म मानेका थिए, रोपवे कसरी चल्छ भनेर ।

गुरुत्वाकर्षण शक्तिबाट चल्ने रोपवे मकवानपुरको नामटारमा पहिलोपटक निर्माण गरिएको हो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत् स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले बिकटका बासिन्दाको आयआर्जनमा टेवा पुऱ्याउन र तरकारीलगायत खाद्यान्न र निर्माण सामग्रीलाई सहजसँग गन्तव्यमा पुऱ्याउन ग्राभिटी रोपवे निर्माण गरेको थियो । २०७१ भदौबाट सञ्चालित रोपवेले नामटार स्थित बिकट गाउँका बासिन्दाको जीवनस्तर उकास्न धेरै मद्दत पुगेको स्थानीयहरुले बताएका छन् ।

रोपवेले नामटार-२ कप्सेरी (तल्लो स्टेसन) र ५ नम्बर वडाको घैराङ (माथिल्लो स्टेसन) लाई जोडेको छ । रोपवे नहुँदा भिरालो पाखो चढेर सर्वसाधारण ३ घण्टा पार गरेर घैराङ पुग्ने गरेका थिए ।

साथै सो क्षेत्रबाट उत्पादित तरकारी, निर्माण सामग्रीलगायत दैनिक जीवनमा आवश्यक पर्ने वस्तुको भिरबाट ओसारपसार गर्न सर्वसाधारणले निकै पसिना चुहाए । तर, नामटारमा बनेको ग्राभिटी रोपवेले बिगतका दुःख सबै भुलाएको थियो ।

घैराङमा उत्पादित तरकारी र निर्माण सामग्री नामटार बजार हुँदै हेटौंडासम्म ल्याउन र बजारबाट घैराङ पुऱ्याउन रोपवेले ठूलो भूमिका निभाएको छ । 'रोपवे बनेपछि २ मिनेटमा सामग्री ओसारपसार गर्न सकिन्छ । पहिला ३ घण्टा लगाएर ज्यालामा सामान घैराङ पुऱ्याउने गरिएको थियो,' स्थानीय श्यामबहादुर गोले भन्छन् ।

रोपवे नबन्दा ज्यालामा प्रतिकेजी ६ रुपियाँ तिरेर सामान ओसारपसार गर्नुपर्ने बाध्यता थियो । रोपवेबाट भने प्रतिकेजी २ रुपियाँ तिर्नुपर्छ । रोपवे बनेपछि सर्वसाधारणको समयसँगै रकम बचत भएको छ । रोपवेमा घैराङबाट प्रायः तरकारी ओसार्ने गरिन्छ भने कप्सेरीबाट निर्माण सामग्री । रोपवे बनेपछि बिकट गाउँको विकास निर्माणमा सहजता आएको छ । घैराङमा कुनै भौतिक संरचना निर्माण गर्नुपर्दा रोपवेले सामान पुऱ्याउँछ । पहिला ज्यालादारीमा काम गर्ने मान्छे हुँदैनथे । झन्झटिलोका कारण विकास निर्माण प्रभावित थियो । हाल विद्यालय, खानेपानी र शौचालय निर्माणका लागि रोपवेबाट निर्माण सामग्री ओसारिने गरिएको थियो ।

रोपवेले सुबिधामात्र दिएको छैन, अत्यधिक गाँजाखेती हुने नामटारमा तरकारी खेतीले व्यावसायिकता पाएको छ । ओसारपसार सहज भएपछि तरकारी खेतीतर्फ स्थानीय आकर्षित भएका थिए । आंशिक तरकारी खेती गर्ने घैराङबासी हाल व्यावसायिकरुपमा तरकारी खेती गरि रहेका छन् । घैराङबाट वार्षिक लाखौं रुपियाँको तरकारी हेटौंडा भित्रने गरेको स्थानीयको भनाइ छ । घैराङबासीले तरकारीसँगै मकै र तोरी लगाउँछन् । तरकारीको समय भदौ, असोज र कात्तिकमा रोपवे निरन्तर सञ्चालन हुने गरेको थियो । तीन महिनामा रोपवेले करिब ३ लाख रुपियाँ कमाउने गरेको थियो । घैराङमा किराना पसल सञ्चालन भएका छन् । सामान ओसार्न रोपवे आएपछि किराना पसल गर्ने स्थानीय बढेका छन् । आयआर्जनतर्फ उन्मुख घैराङबासीलाई रोपवे बरदान बनेको थियो ।

स्थानीय उपभोक्ताको चार लाखसहित करिब २५ लाख रुपियाँमा एकहजार २ सय ५२ मिटर लम्बाइको रोपवे निर्माण गरिएको हो । घैराङबाट एकपटकमा जति सामान तल्लो क्षेत्रमा ल्याइने हो, त्यसको एक तिहाइ एकपटकमा माथि लैजान मिल्ने गरी त्यसको प्राविधिक संरचना निर्माण गरिएको छ । माथिल्लो स्टेसनबाट ९० केजी भार क्षमताको सामान झार्न सकिन्छ भने तल्लो स्टेसनमा ३० केजीसम्मको सामग्री । त्यस क्षेत्रका कम्तिमा दुई हजार दुईसय घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन् । सस्पेन्सन ब्रिज डिभिजनद्वारा रोपवे निर्माण गरिएको हो । यसको सञ्चालनका लागि कुनै प्रकारको विद्युतीय ऊर्जा र इन्धन प्रयोग गर्नुपर्दैन । यसै कारण पनि लागत कम हुन गएको स्थानीय बताउछन् ।

# सिद्धार्थमा चयन भयो विद्यार्थी नेतृत्व

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-५, सानोपोखरा बुद्धपथस्थित सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालयमा सम्पन्न विद्यार्थी नेतृत्व निर्वाचनबाट विद्यालय कप्तानसहित विभिन्न हाउसका कप्तान तथा उपकप्तान चयन भएका छन् । निर्वाचनमा कुल ४ सय ३१ विद्यार्थीले मतदान गरेका थिए ।

प्रधानाध्यापक निर्मल पराजुलीको संयोजकत्वमा सम्पन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष बुद्धराज अर्याल, बागमती प्रदेशका प्रमुख निर्वाचन अधिकृत हरिप्रसाद हकाल, निर्वाचन कार्यालयका लेखापाल अम्बिका मिश्र (न्यौपाने), विद्यालय व्यवस्थापन समिति सदस्य रञ्जिता केसी, हेटौंडा-५ का अध्यक्ष सुशील घिमिरे, वडा सदस्य रामबहादुर राई, सहायक प्रधानाध्यापक केदारनाथ न्यौपाने तथा सूचना अधिकृत कुशहरी तिमिल्सिना लगायत शिक्षक, अभिभावक, समाजसेवी तथा विद्यार्थीहरुको उपस्थिति थियो ।

विद्यालय कप्तान (बालक) पदमा शिशिर बस्नेत निर्विरोध निर्वाचित भएका छन् भने विद्यालय कप्तान (बालिका) मा कृषा आईओ



२ सय १३ मतसहित विजयी भइन् । उक्त पदका लागि दीक्षा ढकालले ९५, आप्सा हुसैनले ८५ तथा रिवानी अधिकारीले ३८ मत प्राप्त गरेका थिए । विद्यालय उपकप्तान (बालक) मा विपुलराज चौधरी २ सय ५९ मतसहित विजयी भए । उनका प्रतिस्पर्धी सीमित तिमल्सिनाले १ सय २३ तथा सार्थक अधिकारीले ४९ मत प्राप्त गरेका थिए । विद्यालय उपकप्तान (बालिका) मा पूर्णिमा दुलाल १ सय ८६ मतसहित विजयी हुँदा अनुका मगरले १ सय ४७ तथा प्रतीज्ञा शर्माले ९८ मत प्राप्त गरेकी थिइन् ।

रेडहाउसतर्फ कुल १ सय १२ मत खसेको थियो । हाउस कप्तानमा केयुर न्यौपाने ४४ मतसहित विजयी हुँदा क्रिश सेञ्चुरीले ३२, पाल्देन घलानले २६ तथा राज आर्यन जयसवालले १० मत प्राप्त गरे । उपकप्तानमा ऋषभ् चिमरिया ४६ मतसहित निर्वाचित भए भने जस्मिन खातुन र जेम्स कार्कीले समान २६ मत, आरोनराज वैद्यले ११ तथा श्रेष्ठ प्रधानले ३ मत प्राप्त गरे । ब्लुहाउसमा कुल १ सय १३ मत खसेको थियो । कप्तानमा यानो चौधरी १ सय ४ मतसहित विजयी हुँदा प्रथम चौलागाईले ९ मत प्राप्त गरे । उपकप्तानमा निखिल यादव ४४ मतसहित निर्वाचित भए भने आश्रय घिमिरे र आरुष चौधरीले समान २२ मत, समृद्धि अर्यालले ११, प्रतिभा शर्माले ६, आलिशा शर्माले ६ तथा आयुषा गौतमले २ मत प्राप्त गरे ।

ग्रीनहाउसमा कुल ९९ मत खसेको थियो । कप्तानमा एरिका खरेल ६४ मतसहित विजयी हुँदा रिया दाहालले ३५ मत प्राप्त गरिन् । उपकप्तानमा सन्सिला थापा ३१ मतसहित निर्वाचित भइन् भने आयुष कुँवरले २७, युजल न्यौपानेले १५, समर सापकोटाले १३, मोलिना भुजेलले ८ तथा साक्षी थापाले ५ मत प्राप्त गरे । एल्लो हाउसमा कुल १ सय ७ मत खसेको थियो । कप्तानमा आकृति गोले ७४ मतसहित विजयी हुँदा एञ्जेल श्रेष्ठले ३३ मत प्राप्त गरिन् । उपकप्तानमा प्रगनी गोले ४९ मतसहित निर्वाचित भइन् भने दीक्षिता दासले २४, तेजस्वी दाहालले १७ तथा साक्षिका राईले १७ मत प्राप्त गरे ।

निर्वाचन समितिका अनुसार विद्यार्थीहरुमा लोकतान्त्रिक अभ्यास, नेतृत्व क्षमता तथा जिम्मेवारी भावना विकास गर्ने उद्धेश्यले निर्वाचन आयोजना गरिएको हो । निर्वाचित विद्यार्थी नेतृत्वले शैक्षिक सत्र २०८३ भर विद्यालयका शैक्षिक, साँस्कृतिक तथा खेलकुद गतिविधिमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

## रोदनलाई मातृभूमि सम्मान

सन्देश संवाददाता

हेटौंडा/चर्चित युवा गजलकार प्रदीप रोदनलाई मातृभूमि सम्मान-२०८२ प्रदान गरिएको छ । मातृभूमि साहित्य समाजले आयोजना गरेको मातृभूमि साहित्य उत्सव-२०८३ का अवसरमा गोरखाका गजलकार रोदनलाई राजकुमार स्मृति मातृभूमि सम्मान-२०८२ प्रदान गरेको हो । साहित्य उत्सवमा मकवानपुरका साहित्यकार राजकुमार लामिछानेलाई क्षेत्रबहादुर स्मृति मातृभूमि सम्मान-२०८२, सुर्खेतका छन्दकवि बासुदेव पाण्डेय प्रभाकरलाई होमनाथ-बलदेवी छन्द साहित्य सम्मान-२०८२ तथा हेटौंडाकी गजलकार स्वस्तिका बानियाँलाई मंगलादेवी स्मृति मातृभूमि सम्मान-२०८२ प्रदान गरिएको छ ।

उत्सवअन्तर्गत् प्राज्ञिक विमर्शमा *साहित्यमा कृत्रिम बौद्धिकता* विषयमा डा. घनश्याम घिमिरेले कार्यपत्र प्रस्तुत गरेका थिए भने त्यसमा डीबी बर्तौलाले टिप्पणी गरेका थिए । *साहित्यमा अध्यात्म दर्शन* विषयमा समालोचक डा. ज्ञानु अधिकारीले कार्यपत्र प्रस्तुत गर्दा साहित्यकार अनिता कोइरालाले टिप्पणी गरेकी थिइन् ।

कार्यक्रममा *नारी स्रष्टाको साहित्य सिर्जनामा पुरुष अभिव्यक्ति* विषयमा अन्तरसंवादसमेत आयोजना गरिएको थियो । उक्त बहसमा समालोचक चेतना शर्मा, समालोचक अनिता कोइराला र उपन्यासकार कल्पना खरेल सहभागी भएका थिए भने साहित्यकार डा. निमेष निखिलले सहजीकरण गरेका थिए ।







**उखानः** कसैले तपाईं भनोस् नभनोस् आफैं मपाई।

**॥ ॥ बेलाको बोली ॥ ॥**

रूख रोप्ने पहिलो उपयुक्त समय २० वर्ष पहिले थियो र दोश्रो उपयुक्त समय अहिले हो

*- चिनिया उखान*

हेटौंडा सन्देश

## सम्पादकीय

# बिकासको गति बढाऔं सरकार

*आर्थिक वर्ष सकिन अब दुई महिना पनि छैन । सरकारले विकासका नाममा छुट्याएको बजेटको आधा पनि खर्च गर्न सकेको अवस्था छैन । विकास बजेट खर्चको अवस्था हेर्दा बागमती प्रदेशको अवस्था राम्रो देखिएको छैन । हरेक वर्ष असार लागेपछि हतार-हतार मा गरिने विकास निर्माणका काम, बजेट फछ्र्यौटको विषय 'असारे विकास'का रूपमा आलोचित पनि छ तर योजना निर्माण, बजेट विनियोजन र कार्यान्वियनको संरचनात्मक कमजोरी भने फेरिन सकेको छैन । जुनसुकै तन्त्र आएपनि जनताले खोजको द्रुत गतिको बिकास अनुभुति गर्न सकेका छैनन्, केवल चर्का नारा र भाषणबाहेक ।*

*नेपालमा विकास बजेट खर्चको प्रवृत्ति हेर्दा बिगत एक दशकदेखि एउटै चक्र दोहोरिँदै आएको देखिन्छ । आर्थिक वर्षको शुरूका महिनामा बजेट खर्च न्यून रहने, दोस्रो चौमासिकसम्म पनि ठूला आयोजना अघि नबढ्ने र अन्तिम दुई महिनामा हतारहतार खर्च गर्ने प्रवृत्ति संस्थागत जस्तै बनेको छ । लेखा नियन्त्रक कार्यालयहरूले सरकारको बजेट खर्चको स्थिति हरेक महिनाजसो सार्वजनिक गर्ने गरेका छन् तर ती प्रतिवेदनले औंल्याएका तथ्यहरू योजना कार्यान्वियन निकायहरूलाई प्रभाव पार्न सकेको देखिँदैन । विकास बजेट खर्च हुन नसक्नुको पहिलो कारण योजना छनोटमै रहेको अव्यवस्था पनि हो । नेपालमा अझै पनि आवश्यकता, सम्भाव्यता र दीर्घकालीन लाभका आधारमा योजना छनोट गर्नेभन्दा प्रभाव र पहुँचका आधारमा आयोजना घुसाउने प्रवृत्ति छ ।*

*नेपालमा बजेट खर्चलाई उपलब्धिको मुख्य सूचक मान्ने गलत अभ्यास स्थापित छ । खर्च भयो भने काम भयो भन्ने सोचले गुणस्तर लाई ओझेलमा पारेको छ । त्यसैले असार महिनामा धमाधम सडक कालोपत्रे गर्ने, वर्षात्को समयमा पुल बनाउन थाल्ने र अन्तिम समयमा बिल फछ्र्योट गर्ने विकृति मौलाएको हो । विकास बजेट खर्च कम हुनुको प्रत्यक्ष असर अर्थतन्त्रमा देखिन्छ । त्यसैले पुराना सरकारहरूले गर्न नसकेको द्रुत गतिको बिकास कार्यलाई बर्तमान युवा नेतृत्वले पक्कै पुरा गर्लान् कि भन्ने नेपाली जनताको आशा अनि भरोसालाई मध्येनजर गर्दै समयमा बिकास निर्माणका कामको थालनी र अन्त्य गरौं ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | छोटो समयमा मनग्य फाइदा हुनेछ। सुन्दर पहिरनले तपाईको व्यक्तित्वमा निखारता आउनेछ । प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ। | **बृष** | प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। |
| **मिथुन** | अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ । प्रतिष्ठित कामको सम्पादन गर्ने मौका मिल्नेछ । | **कर्कट** | पुरुषार्थले प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिने योग छ । पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन् । |
| **सिंह** | फाइदाजन्य कामको स्रोत पहिल्याउन सकिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ । | **कन्या** | स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल कामसमेत सम्पादन हुनेछ । पशु चौपाया हानीको योग देखिन्छ। |
| **तुला** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुने योग देखिन्छ । कडा मिहिनेतले नयाँ अवसर दिलाउनेछ । | **बृश्चिक** | केही पारिवारिक समस्या देखिए पनि आँटेको काम सम्पादन हुने समय छ। प्रयत्न गर्दा आफ्ना साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। |
| **धनु** | काममा अरूको मुख ताक्नाले पछि परिने योग देखिन्छ। आँटले काम लिन नसकिएला । व्यर्थको विवादले शुभचिन्तकहरू टाढिन सक्नेछन् । | **मकर** | बुद्धिको उपयोगले समस्या सुल्झिनेछ। अरूलाई समेत आफ्नो पक्षमा ल्याउन सकिनेछ, बुद्धी विवेकले सहजरुपमा काम लिने प्रयत्न गर्नुहोला । |
| **कुम्भ** | आफ्नै व्यवहारप्रति पछुतो लाग्न सक्छ। अरूको विषयमा अनावश्यक चासो राख्दा व्यर्थैमा दु:ख पाइनेछ । आलोचकलाई व्यवहारले समेट्नुपर्ला। | **मिन** | आवश्यक पर्दा सहयोगीहरूको साथ समर्थन पाइनेछ। दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएका कामहरु पनि सहज रुपमा सम्पादन हुने योग देखिन्छ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नीति सुधारका मुद्दा



**गोपीनाथ मैनाली**




'नेपालमा राम्रा नीति त बनेका छन् तर कार्यान्वयन हुनै सकेनन्' भन्ने गरिन्छ। विकास साझेदारहरूले त यही कुरा बारम्बार उठाएका छन्। नतिजामा नपुग्दासम्म न त्यो नीति राम्रो हो, न त त्यसले आफ्नो औचित्य सिद्ध गर्छ। धेरै जसो नीति सामाजिक वास्तविकतालाई सम्बोधन नगर्ने खालका भएकाले तिनको प्रभावकारिता नदेखिनु स्वभाविक हो। अवधारणागतरूपमा नीति विचारमा आधारित, तथ्यबाट प्रभावित र तथ्यमा आधारित हुन्छन्। नेपालका अधिकांश नीति तथ्यमा आधारित नभई विचारमा आधारित वा तथ्यबाट प्रभावित भएकाले नीति तर्जुमा प्रक्रियामा सुधारको आवश्यकता छ।

असल नीति कस्तो हुन्छ भन्नेतर्फ प्रकाश पारेपछि नीति सुधारका विषयमा उल्लेख गर्नु उचित हुन्छ। भोगिएका समस्या समाधान गर्न वा आशा र अपेक्षा पूरा गर्न नीति चाहिने हो। नीति प्राज्ञिक नभई व्यावहारिक र गतिशील विषय हो। नीतिले के कस्ता उपलब्धिहरु दिन सक्छ भन्ने सन्दर्भमा नै यसको सार्थकता रहन्छ। त्यसैले नीति उद्देश्यमूलक, नतिजामुखी र कार्यान्वयनयोग्य हुनुपर्छ।

सर्वसाधारण आफूले पाउने सेवा सुविधा, विकास निर्माण र रोजगारीका अवसर नपाएकोमा निराश छन्। युवाले आफ्नो भविष्यको सुनिश्चितता मुलुकभित्र देख्न छाडेका छन्। यसो भन्नुको मतलब नीति प्रभावकारी भएन भन्ने हो। सबल नीति नतिजामुखी हुन्छ। नीतिलाई एकपक्षीय रूपबाट हेर्ने प्रवृत्तिले नीतिलाई वास्तविकताबाट पर पुऱ्याइदिन्छ। यसर्थ नीतिका समस्या र यसका अन्तरसम्बन्ध पहिल्याउनु पर्छ। नीति सन्दर्भले खास तथ्यलाई बोक्छ।

नीतिलाई व्यावहारिक र नतिजामुखी बनाउनु भनेको तथ्यमा आधारित बनाउनु हो। तथ्यमा आधारित नीति निर्माण प्रक्रियाले विश्वाशिलो सूचना, जानकारीको माग गर्नुका साथै त्यसलाई विश्लेषण एवं उपयोग गर्न सक्ने क्षमता पनि माग गर्छ। अर्को कुरा नीतिलाई प्रशासनिक रूपबाट मात्र हेरिनु हुँदैन, न कि राजनीतिक रूपबाट मात्र पनि। सामाजिक संकेतको प्रतिनिधित्व गर्न राजनीतिज्ञहरू खप्पिस छन् र विश्लेषणमा प्रशासनिक विज्ञता रहन्छ। राम्रो नीति निर्माण भनेको राजनीतिक र प्रशासनिक सन्दर्भको आदर्श सन्तुलन हो।

यस्तै नीतिले छलाङवादी सोच (ऱ्याडिकल सिफ्ट) भन्दा क्रमिक सुधारलाई ध्यान दिइराख्नु पर्छ। गर्न सकिने, सामाजिक मूल्य संस्कृतिले स्वीकार्ने, प्रणालीको क्षमताले धान्ने कुरा नै नीतिमा रहनुपर्छ। एकैचोटि ठूला र अस्वाभाविक कुरा नीतिमार्फत घोषणा गरिनु हुँदैन। त्यसैले नीतिलाई अपेक्षाको सूचीबाट व्यावहारिक बनाउन क्षमता र तत्परतालाई ध्यानमा राख्नु पर्छ। नीति शिक्षा लिदै, नीति कार्यान्वयन गर्दागर्दै प्रणालीको क्षमता विकास हुने नीतिले उपलब्धि दिन्छ। नीति तर्जुमाको प्रक्रिया सहभागितात्मक भएमा मात्र सरोकारवालाको विश्वास जित्न सकिन्छ। नीति लाभ खास वर्गमा केन्द्रित हुन नदिन र नीतिका सम्भावित जोखिम हटाउन सहभागिताको दायरा ठुलो बनाउनु पर्छ। समाजकेन्द्रित नीति प्रक्रिया नभएको अवस्थामा नीति स्वामित्व विस्तार गर्न पनि सहभागिता विस्तृत गर्नुको विकल्प छैन।

नीति तर्जुमा प्रक्रिया औपचारिकता र रेखीय पद्धतिबाट माथि उठ्नुपर्छ। यसका चरणबद्ध प्रक्रिया छन्। राज्यकेन्द्रित ढाँचामा नीति तर्जुमा गर्दा सामान्यत: नीति समस्या बोध, विषय पहिचान, परामर्श, कार्यशाला र त्यसबाट आएका निष्कर्षलाई स्वीकृतिका लागि प्रस्ताव बनाउने औपचारिक काम गरिन्छ तर नीतिलाई वास्तविक, सान्दर्भिक र कार्यान्वयनयोग्य बनाउन यी औपचारिकता र रेखीय पद्धतिबाट माथि उठ्नुपर्छ। नीति अन्तरसम्बन्धको पहिचान गरी कार्यान्वयन योग्यता हासिल गर्नुपर्छ।

प्रणालीको निरन्तरता नभए नीति कार्यान्वयन अलमलमा पर्छ। क्रमभङ्गता वा नयाँ गर्ने सन्दर्भमा संस्थागत सम्झना र क्षमता मेटिनु हुन्न तर नेपालमा नीति प्रभावकारिताका संस्थागत अवरोधहरू देखिएका छन्। अवरोधबारे विद्वान् जोन पुलोकले भनेका थिए- 'हामीहरू २१ औं शताब्दीमा छौं, २० औं शताब्दीको प्रणाली र त्यसभन्दा माथि १९ औं शताब्दीको राजनीतिक संरचना छ।'

विचार तथा प्रविधिको विस्फोट छ। अर्थतन्त्र ज्ञानमुखी, समाज सञ्जालीकृत र नागरिक सशक्तीकृत भएका छन्। विश्वव्यापीकरणको समयसँगै यसको गति पक्डन नसके अवसर लिनबाट सधैं छुट्ने जोखिम छ तर सामाजिक/आर्थिक समस्यालाई सम्बोधन गर्ने प्रणाली र संरचना निकै पुराना छन्। प्रविधि र परिवर्तनले सिर्जना गरेका अवसर राज्य प्रणालीले उपयोग गर्न सकेको छैन। परिस्थितिसँग अनुकूलित हुन नसक्दा सार्वजनिक प्रणाली आफैमा समस्यामा पर्न थालेको छ।

नीति निर्माणमा यसको प्रभाव देखिनु स्वाभाविक हो। तथ्य र जानकारीहरू प्रशस्त छन् तर नीति वास्तविक बन्न सकेको छैन। सुविधा र अवसर पनि बग्रेल्ती छन् तर पनि उपयोग हुन सकेको छैन।

संगठनभित्र सीमितरूपमा भए पनि सामर्थ्य भित्रिएको छ तर त्यो प्रणालीले आफ्नो बनाएको छैन। यस्ता अवरोध आउनुका पछि केही कारण छन्। जस्तो कि तथ्य व्याख्या क्षमताको अभाव छ, तथ्य प्रयोग गर्न संरचनागत अवरोध पनि छ। नीतिशिल्पी तथ्यभन्दा विषयगत हुन रुचाउँछन्। राजनीतिज्ञ नीतिग्राहीको लाभ विस्तारमा भन्दा मत विस्तारको बाटोमा रमाउँदै आएका छन्। परिणामभन्दा प्रियतामा रमाउने संस्कृतिले नीति वास्तविक बन्दैन।

कतिपय सन्दर्भ हेर्दा नीतिमा इमानदारी पनि देखिदैन। नीति निर्माणपछि काम शुरुवात भएको होइन कि काम सकिएको ठानिन्छ। अर्को कमजोरी नीति नक्कलको बानीमा छ। तेस्रो विश्वका नीतिशिल्पी दाता सुझावभन्दा एक कदम अघि नीति घोषणा गर्न पुग्छन्। नीति सन्दर्भ र अन्तर्यमा ध्यान दिदैनन् भन्ने कुरा हाम्रा सन्दर्भमा पनि अपवाद होइन।

सुशासन, समृद्धि जस्ता राष्ट्रका अभीष्ट प्राप्त गर्न नीति व्यवस्थापनका चरणमा नीति पात्रहरूको परम्परागत भूमिका बदल्नु आवश्यक छ। परम्परागत अर्थमा नागरिकहरू निस्क्रिय उपभोक्ता हुन्। आवधिक निर्वाचनमा मतदान मात्र नीति सहभागिता होइन। नीति व्यवस्थापनका चरणमा सुझाव, अन्तर्क्रिया, सूचना परिचालनमार्फत् सहभागिताका सबै माध्यम खुला गरिनु पर्छ। नागरिक नीतिग्राही हो। डिजिटल लोकतन्त्रमा नागरिक नीति प्रक्रियामा सहभागी हुने, नीति क्रियाकलापलाई प्रभाव पार्ने, अनलाइन अन्तर्क्रिया गर्न सक्ने र अन्य डिजिटल/प्रत्यक्ष संयन्त्रबाट प्रक्रियामा समाहित हुन सक्ने सरोकारवाला बनेका छन्। अब नागरिक नीतिका उपभोक्ता होइनन्, नीतिका सबैभन्दा महत्वपूर्ण पात्र हुन्। डोनाल्ड जी लेनिहानले भने झैं नागरिकको सक्रिय सहभागिता अपेक्षित मात्र होइन, प्रभावकारी शासनव्यवस्थाको शर्त नै हो। नागरिक संलग्नताबेगर उसका नाममा गरिएका कामले कुनै अर्थ राख्दैन।

राजनीतिज्ञ नीति प्रक्रियामा औपचारिक मात्र होइन, सुसूचित विज्ञता र इमानदारीमा रहनु पर्छ। परम्परागतरूपमा निर्वाचनबाट आवधिक रूपमा नीति अख्तियारी पाएपछि उनीहरूको भावना बोल्ने, बताउने र प्रतिनिधित्व गर्ने, प्रतिपक्षको हैसियतमा पहरेदारीमार्फत् हितरक्षा गर्ने परम्परागत भूमिका राजनीतिज्ञको थियो तर आधुनिक लोकतन्त्रमा निर्वाचितलाई निर्वाचकसँग सधैं संवाद, सम्पर्क, अन्तर्क्रिया गर्ने अवसर रहेकाले निर्वाचनका भावना र विचारलाई नीति साधनमा प्रयोग गर्ने भूमिकामा राजनीतिज्ञहरू देखिनु पर्छ, जसले नीतिका सम्भावित जटिलता घटाउँछ।

सार्वजनिक प्रशासन नीति प्रक्रियाको प्राविधिक मियो हो। परम्परागतरूपमा सार्वजनिक प्रशासक नै नीति निर्माणको एक मात्र विवेकशील पात्र थियो। सर्वसाधारणको समस्या, माग र चाहनाको जानकारी राखी नीति प्रक्रियामा समावेश गर्न र नीति निर्माणपश्चात् कार्यान्वयन गर्ने काम पनि उसैबाट हुँदै आएको हो तर आधुनिक लोकतन्त्रमा सार्वजनिक प्रशासकबाट अरू दक्षताको माग भएको छ। नीति व्यवस्थापनका लागि ज्ञान आधार तयार पार्ने, नीति संकेतहरू बटुल्ने, निरन्तर पृष्ठपोषण लिने र प्रवृत्ति विश्लेषण गर्ने, अन्तरनिकाय सम्बन्ध सुदृढीकरणमार्फत् अनुभव विनिमय गरी नीति अन्वेषण गर्ने माग सार्वजनिक प्रशासकप्रति छ।

नीति सवाल निर्धारण र कार्यसूची तयका लागि राजनीतिक प्लेटफार्म बनाउने, नीति सवाल सञ्चार गर्ने र राजनीतिक स्रोत परिचालन गर्ने राजनीतिक दलको पम्परागत भूमिका हो तर समकालीन समाजमा संवाद र सम्पर्कका धेरै माध्यम उपलब्ध भएकाले सबै माध्यम उपयोग गरी नीति तथ्य संकलन, नागरिक शिक्षामार्फत् नागरिकलाई नीति प्रक्रियामा अभिप्रेरणा गर्ने, नीति प्रक्रियामा सम्मति खोज्ने, नयाँ विचार र दृष्टिकोणलाई प्रोत्साहन गर्ने, राजनीतिक-सामाजिक सहमति गर्ने भूमिका राजनीतिक दलबाट अपेक्षित छ।

विज्ञ विचारक र सार्वजनिक बौद्धिकहरूले नीति सल्लाह दिने, अनुसन्धान गर्ने, राजनीतिक प्रणालीलाई नीति विकल्प दिनेलगायतका भूमिका खेल्दै आएका हुन्। यो भूमिका औपचारिकभन्दा पनि ऐच्छिक र व्यावसायिक थियो तर वर्तमान समयमा नीतिविज्ञ र विचारकले परम्परागत भूमिकाका अलावा ज्ञान निर्माण (नोलेज ब्रोकरिङ) लगायतका विषयमा भूमिका निर्वाह गरेका छन्।

आमसञ्चार र सामाजिक सञ्जालको सक्रियताले कार्यसूची निर्धारण, नीति सवालको सञ्चार, प्रक्रियाको जवाफदेहिता विस्तार, राम्रा सवालको प्रशंसा गर्ने कार्यका अतिरिक्त नीति विश्लेषणको आधार दिने, सवाललाई उजागर गर्ने व्यावसायिक आचरणमा रहने भूमिका रहेको छ। यसर्थ राष्ट्रिय नीति तर्जुमा नीतिग्राहीको आफ्नो विषय हो। अन्य पक्ष तथा पात्रहरू नीतिलाई कसरी नीतिग्राहीको अपेक्षामा पुऱ्याउने भन्नेमा सीमित रहन्छन्।

*साभार : नयाँ युगबोध दैनिक*

# जैविक विविधता, पर्यावरण र पर्यटन

**डा.माधव अधिकारी**

जैविकमा प्राणी र वनस्पति दुवै पर्छन्। विविधता भनेको भिन्नता, फरकपन वा किसिम हो। जीवित प्राणी र वनस्पतिबीचको भिन्नता, किसिम एवं फरकपनलाई जैविक विविधता भनिन्छ। जैविक विविधताले संसारका सबै क्षेत्र जस्तै: जल, स्थल, समुद्र तथा सिमसारमा रहेका सबै जीवित प्राणी तथा वनस्पतिबीच पाइने फरक पन, प्रकार तथा तिनीहरूबीचको अन्तरसम्बन्ध र संयोजनसमेतलाई जनाउँछ। कुनै एक स्थानको वन क्षेत्रमा वनस्पति, पशुपन्छी र अन्य जीव रहेका हुन्छन्। यो जैविक विविधता हो। वन नासिएमा वा आगो लागेमा अरू जीवहरूलाई असर गर्छ। यो तिनीहरूबीचको अन्तरसम्बन्ध हो। जैविक विविधता तीन प्रकारका हुन्छन् पारिस्थितिक प्रणाली विविधता, प्रजाति विविधता र वंशानुगत विविधता। पारिस्थितिक प्रणाली विविधता भन्नाले जीवजन्तुको बासस्थान भन्ने बुझिन्छ। यसले जीवजन्तु र तिनीहरूको वातावरणसँगको अन्तरसम्बन्धसमेतलाई जनाउँछ। वनजंगल, घाँसे मैदान, सिमसार, पोखरी, खोलानाला, समुद्र आदि यसका उदाहरण हुन्। प्रजाति विविधता भन्नाले प्राणीहरूको विविधता र वनस्पतिहरूको विविधतालाई बुझिन्छ। विश्वमा रहेका प्राणी र वनस्पतिहरूको फरकपन नै प्रजाति विविधता हो। वंशानुगत विविधता भनेको प्राणी एवं वनस्पतिको आफ्नै समूहभित्र देखिने फरकपन हो।

जैविक विविधता र पर्यटनबीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ। विश्वभरका पर्यटकहरू प्राकृतिक सौन्दर्य, वन्यजन्तु अवलोकन, हरियाली वन, विविध पारिस्थितिक प्रणाली र अनौठा जीवजन्तु हेर्न विभिन्न देश र स्थानहरूमा आउँछन्। यसरी जैविक विविधताले नै पर्यटन उद्योगको आधार तयार गर्छ। नेपालजस्तो देशमा हिमाल, वन, राष्ट्रिय निकुञ्ज र आरक्षहरूमा पाइने जैविक विविधता नै पर्यटकहरूलाई आकर्षित गर्ने मुख्य कारण हो। चितवन राष्ट्रिय निकुञ्जमा एकसिंगे गैंडा, बाघ र हात्ती हेर्न आउने पर्यटकहरू, अथवा सगरमाथा क्षेत्रमा दुर्लभ वनस्पति र हिमाली पन्छीहरू अवलोकन गर्न आउने प्रकृतिप्रेमीहरू यी सबै जैविक विविधतामा आधारित पर्यटनका उदाहरण हुन्।

वर्तमान समयमा जैविक वस्तु संरक्षण र वातावरण सुधार शब्द निकै लोकप्रिय बनेको कुरा तपाईं-हामी सबैलाई ज्ञात नै छ। विभिन्न विद्वान् तथा पर्यावरण विज्ञहरूका विचारमा गहिरिएर विचार गर्ने हो भने पर्यावरण हामी हाम्रै वरिपरिका प्राकृतिक वस्तु, जैविक तथा अजैविक भौतिक वस्तु, सामाजिक तथा मानव निर्मित सांस्कृतिक संरचना तथा तिनबाट मानव तथा अन्य प्राणी र मानिसका आर्थिक तथा जैविक गतिविधिको अन्तर क्रियाबाट सिर्जित सम्पूर्ण सजीव तथा निर्जीव वस्तुलाई असर पार्ने परिवेशले हरेक तत्वलाई एकआपसमा आत्मनिर्भर बनाएको हुन्छ। पृथ्वीमा भएका अनेकौं तत्वमध्ये कुनै एकको घटी वा बढीले अरूलाई समेत प्रभाव पार्छ। अझ भन्ने हो भने अन्य प्राणी, वनस्पति तथा समग्रमा मानव जातिको अस्तित्वमा समेत प्रश्नचिह्न खडा गर्न सक्छ। त्यसकारण पृथ्वीमा भएका विविध तत्वको आत्मनिर्भरताका कारणले गर्दा नै मानवजातिले पर्यावरणको बचावट र संरक्षणका लागि चिन्तित हुनुपर्ने अवस्था देखा परेको छ।

पर्यावरणमा देखिने असन्तुलनले मानिसका आर्थिक, सामाजिक, जैविकलगायतका समग्र क्रियाकलाप प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित हुन्छन्। जैविक विविधताको संरक्षण र पर्यटन विकासलाई एकसाथ अघि बढाउने उत्तम माध्यम भनेको इकोटुरिजम (पारिस्थितिक पर्यटन) हो। यो पर्यटनको त्यस्तो रूप हो, जसले प्राकृतिक क्षेत्रहरूको भ्रमणलाई प्रोत्साहन गर्दै स्थानीय समुदायको जीवनस्तर उकास्छ र जैविक विविधताको संरक्षणमा सहयोग पुऱ्याउँछ। जब पर्यटकहरू वन्यजन्तु आरक्ष, राष्ट्रिय निकुञ्ज वा प्राकृतिक सम्पदाले भरिपूर्ण क्षेत्रमा भ्रमण गर्छन्, त्यसबाट प्राप्त राजस्वको एक भाग संरक्षण कार्यमा लगानी हुन सक्छ। यसरी पर्यटन नै जैविक विविधता संरक्षणको आर्थिक स्रोत बन्न पुग्छ।

मानव स्वयंले पर्यावरणप्रति गरेको बेवास्ता ले वर्तमानमा प्रचुर मात्रामा जैविक विविधतामा नाश भई करोडौं धनजन तथा मानवीय सुख-समृद्धिका आधार संरचनाहरू जलवायु परिवर्तनका कारणले नष्ट हुँदैछन्। यसको प्रमाणको रूपमा वनजंगल तथा जैविक विविधताको विनाश, वातावरण प्रदूषण मुख्यत: जैविक विविधताको विनाशमा जनसंख्याको चाप, वातावरण प्रदूषण तथा जलवायु परिवर्तन हो। जसको फलस्वरूप यहाँको जैविक विविधता संरक्षणमा नै प्रश्नचिह्न खडा भई पर्यावरण ज्यादै बिग्रिएको कारणबाट आजको मानव समाजमा गुणस्तरीय जीवन त मृगतृष्णा भएको छ।

जलवायु परिवर्तनका कारण पृथ्वीको सतहको तापक्रममा वृद्धि भएको र वर्षाको स्वरूपमा परिवर्तन भएको छ। यी दुई कारणले निम्नानुसारका विभिन्न असर तथा प्रभाव परेको देखिन्छ। यसबाट बोटबिरुवा र बालीनालीको जीवनचक्र छोटो भएको पाइन्छ। ऊष्ण क्षेत्रमा हुने बोटबिरुवा समशीतोष्ण हुँदै उपोष्ण क्षेत्रतर्फ फैलिन थालेका छन्। मनसुन ढिलो हुनुका साथै वर्षाको तीव्रता बढेको छ। सुक्खा समय लामो हुने गरेको छ। मौसमका तत्वहरूले अनियमित र अस्थिर स्वरूप देखाउने गरेको छ। रोग तथा कीराहरूले अपर्झट व्यापक रूप लिने गरेको तथा नयाँ-नयाँ झारपातहरूको प्रकोप बढेको तथा जमिनमा पानीको मात्रा घटेको पाइन्छ। हिउँ पग्लने दर बढ्नुका साथै हिमरेखा माथि सरेको छ र समुद्रको सतह बढेको छ। यस कारण जैविक विविधतामा ठूलो असर परेको छ।

यी सबै परिवर्तनहरूले पर्यटन उद्योगमा पनि गम्भीर असर पार्छन्। हिमाल र हिमनदीहरू पग्लिँदा हिमाली पर्यटन प्रभावित हुन्छ। वन्यजन्तुको बासस्थान नष्ट हुँदा वन्यजन्तु पर्यटन घट्छ। अनियमित मनसुन र बाढीपहिरोले पर्यटकीय पूर्वाधारलाई क्षति पुऱ्याउँछ। दुर्लभ वनस्पति र प्राणीहरू लोप हुँदा ती हेर्न आउने पर्यटकको संख्या पनि घट्छ। यसरी जैविक विविधताको ह्रास भनेको पर्यटन उद्योगको ह्रास पनि हो।

भविष्यमा वातावरणलाई अति महत्वका साथ हेरेर जैविक विविधतामा ह्रास आउन दिनु हुँदैन। योजनाकार र नीति निर्माताहरू पर्यावरणलाई असर पार्ने तत्वहरूको पहिचान गरेर मात्र निर्णय लिने तथा विकास योजना बनाउने अवस्था हुनुपर्छ। यो परिणाम मानिसले पर्यावरणप्रति गरेको बेवास्ताको फलस्वरूप जैविक विविधतामा विभिन्न समस्या आएको हो। समयको क्रममा मानवले पर्यावरणमा पारेको नोक्सानी हेर्दा जैविक वस्तुको संरक्षण एवं पर्यावरणको दिगो विकास दीर्घजीवी हुन नसक्ने कुरा प्रस्ट छ।

मानव जातिको समुन्नति एवम् अस्तित्वकै लागि पनि पर्यावरणको महत्व प्रस्ट हुँदै गएको छ। पृथ्वीका सम्पूर्ण जातिको सुखसमृद्धिका लागि आर्थिक तथा सामाजिक क्रियाकलापको जे-जति महत्व छ, त्योभन्दा बढी पर्यावरण तथा जैविक विविधताको संरक्षण पनि अपरिहार्य छ। दिगो पर्यटनले यसमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। पर्यटकहरूबाट संकलित प्रवेश शुल्क, गाइड शुल्क र अन्य पर्यटन राजस्व संरक्षण कार्यमा प्रयोग गर्दा जैविक विविधता दिगो रूपमा बाँच्न सक्छ।

# मान्छे चिन्नु खसी किन्नु



✍ईगम खालिङ

हामीले मान्छे चिनेनौं त्यसैले अरिजिनल (मौलिक) खसी किन्न सकेनौं। डुप्लिकेट खसीलाई अरिजिनल सम्झेर बााचिरह्यौं। फेरि अरिजिनललाई डुप्लिकेट मानेर आफै लट्टिरह्यौं। त्यो सम्झेर ल्याउंदा मलाई पछुतो भइरहन्छ। त्यसैले माथिको शीर्षक 'मान्छे चिन्नु खसी किन्नु' मेरो निम्ति एउटा उखान मात्र नभएर मेरो मनभित्रको एउटा अमेट धोका बन्न पुगेको छ।

हामी जहिले पनि उल्टा बुझ्छौं। हामीलाई अरूले बुझाइदिएका कुरा मन पर्छन् अनि सठीक बुझाइदिएका ठान्दछौं। हामीले कहिल्यैं सत्य र वास्तविता खुट्याउनलाई आफ्नो दिमागको प्रयोग गर्दैनौं। प्रश्न र तर्कद्वारा खास कुराको निचोडसम्म (टुंगोसम्म)पुग्ने कोशिस गर्दैनौं। हामी जहिले पनि पूर्वग्रहित भएर बाँचिरहेका हुन्छौं। म कुन सन्दर्भमा कुरा गर्दैछु भनेर तपाईहरू छक्क पनि पर्नुभयो होलान्। हुन त, म उखानकै सन्दर्भमा कुरा गरिरहेको भएता पनि अलिकति चाहिं अप्रत्याक्षरूपमा हाम्रा वर्तमान राजनैतिक अनि सामाजिक अवस्थाको सन्दर्भमा पनि कुरा गरिरहेको छु।

हामीले 'मान्छे चिन्नु खसी किन्नु' भन्ने उखानलाई कहिल्यैं पनि आत्मसात् गरेर बुझ्न र बुझेर व्यावहारितामा प्रयोग गर्ने कोशिस गरेनौं। गरेको भए आज भारतवर्षमा हाम्रो यस्तो स्थिति हुने थिएन होला। यो मेरो निम्ति व्यक्तिगत तवरमा एउटा दुर्भाग्य नै ठान्दछु।

खसी किन्नु खोजेर मात्र हुंदैन खसी किन्नुभन्दा अघि हामीले खसी बेच्ने व्यक्तिलाई राम्ररी चिनेको, जानेको र बुझेको हुनुपर्छ। बेच्ने मान्छेलाई राम्ररी नजानी खसी किन्नु व्यर्थ हो। डुप्लिकेट खसीले हाम्रो र हर केही हदसम्म पूरा गर्न सक्ला तर पूर्ण आत्म-सन्तुष्टि भने दिन सक्दैन। आत्म-स्वाभिमान दिन सक्दैन। त्यो कसरी भनेर केसैले मलाई सोध्छ भने म भन्छु: दुप्लिकेट खसी किनेर पाल्दा अरिजिनल खसी चिन्ने र पाल्नेहरूले हामीलाई खिसी गर्नेछन्। दुर्बल बुद्धि भएका ठान्नेछन्। हामी जति नै रोई-कराई गरौं न डुप्लिकेट कुनै अवस्थामा अरिजिनलमा परिवर्तन हुंदैन। हुन त डुप्लिकेट र अरिजिनल छुट्याउने समाधनका विधिहरू छन्। तर समाजमा सबैले डुप्लिकेटलाई अरिजिनल मान्छन् भने मेरो भन्नु केही छैन।

बिशेष त्यो एउटा समाजको परिधिभित्र। कारण कुनै पनि वस्तुको मान्यता समाजिक मान्यतामा निर्भर गर्दछ। एउटा समाज, राज्य र देशले मान्दैमा डुप्लिकेटलाई अरिजिनल कहिल्यैं मान्न सकिन्दैन। तर, अरिजिनल नै छैन अथवा मासियो भने कसको के लाग्छ ? त्यस्तो स्थिति आइहाले चित्त बुझाउनु पर्ने हुन्छ।

जसरी गधा मलेर घोडा हुँदैन त्यसरी नै डुप्लिकेट मलेर अरिजिनल हुँदैन। जबसम्म अरिजिनल बाँचिरहन्छ तबसम्म डुप्लिकेट कुनै अवस्थामा पनि अरिजिनल हुँदैन। जबसम्म समस्त मानव समाजले निश्चितरूपमा सर्वमान्यता दिंदैन डुप्लिकेट तबसम्म डुप्लिकेट नै रहन्छ। 'रहन्छ' भन्छ भने कि त अरिजिनल रहन्छ कि त डुप्लिकेट तर दुवै एउटा वस्तुमा आवस्थित रहंदैन।

त्यसैले अरिजिनललाई डुप्लिकेट अनि डुप्लिकेटलाई अरिजिनल सहजै मान्न मिल्दैन। मनिनै लियौं भने पनि त्यो अरिजिनल र डुप्लिकेटको दोष होइन। त्यो त हाम्रा बुद्धि र जानेन्द्रहरूको कमजोरी हो। त्यो वस्तुसित होइन तर हामी सित हुन्छ। हामी सक्षम नहुनु हाम्रो दुर्बलता हो। कुनै पनि प्रकारको दुर्बलता अज्ञान्ताको प्रतिक हो।

खसी किन्न चाहने ब्यक्तिको कि त ब्यक्तिगत आवश्यक्ता हुन सक्छ कि त उद्धेश्य तर खसी बेच्ने मान्छेका हजार उद्देश्यहरू (अनि कौशलताहरू) हुन्छन्। खसीलाई चिनिसकेपछि खसी बेच्ने मान्छेलाई पनि चिन्नु अति जरूरी छ। खसी बेच्ने ब्यक्तिले हामीलाई नाना थरीका कुराहरू गरेर भुक्याउन सक्छ। भावना र बुद्धीमा प्रभाव पारी हाम्रो सोझोपनको फाइदा उठाउन सक्छ। हामी साह्रै भाविक र तातो बुद्धीका छौं। त्यसैले होला, यस उखानले हामीलाई नै हेरिरहेको जस्तो लाग्छ। आफ्नो मन्छे होस् या अर्का मान्छे कसैले पनि ठग्नसक्छ भन्ने खतराको पूर्वसंकेत चुपचाप दिइरहेको जस्तो लाग्छ।

कहिले काहीं जुन देखिन्छ त्यो सांचो हुँदैन अनि जुन साँचो हुन्छ त्यो देखिन्दैन। त्यसैले सांचो खसी किन्न खोज्ने ब्यक्तिले अलिक मेहनत गर्नुपर्ने हुन्छ। जोसुकैबाट जे पायो तै लिएर अरिजिनल खसी ल्यायौ भन्नु नानीहरू भांडा-कुडी खेलेको जस्तो मात्र हुनेछ। भोजमा डुप्लिकेट खसी काटेर अरिजिनल खसी खायौ भन्दै नांच्नेहरू त झन् बेचिपठाउने ब्यक्तिको निम्ति हांसोका पात्रहरू मात्र हुन्। उनीहरूलाई मात्र 'राम ! राम !' भन्न सकिन्छ।

यदि मैले कुनै खसी किन्न चाहने ब्यक्तिलाई कतै ठ्याक्क भेटाई हालेमा म उनको कानमा यस उखानलाई अलिकति संशोधन गरेर सुनाइदिने थिएं-'मान्छे अनि खसी दुवै चिन्नु तब पो किन्नु।' कान सुन्दैन रहेछ भने पनि ठिकै छ किनकि त्यस्तो कान नसुन्ने ब्यक्ति कहिले काहीं भेट्न सकिन्छ तर कान सुनेर पनि नसुनेको जस्तो गर्छ भने म उखानलाई लुकाएर उसलाई सांच्चैको (अरिजिनल) नमस्कार ठोकिदिन्छु। नमस्कार ठोकेर ठोक्न सकिन्छ होला तर उखान लुकाएर कहां लुकाउन सकिन्छ र ? फेरि ब्यक्तिको मानशिकता परिवर्तन नगरी उखान संशोधन गरेर केई हुने होइन। उखान सुन्न चाहने र बुझ्ने ब्यक्ति नचिनिकन जो कोहीलाई सुनाउनु खोज्नु अरिजिनल र डुप्लिकेटमाझको पार्थक्य खुट्याउन नसक्नु समान हो।

## नेलआर्टसम्बन्धि तालिम बारे सूचना

हेटौंडा उपममहानगरपालिका वडा नम्बर २ कार्यालयको आयोजनामा र यस संस्थाको सहजिकरणमा २० जना २ नम्बर वडाबासी युवाहरुका लागि १० दिवशीय **नेल आर्टसम्बन्धि तालिम** हुन गईरहेकाले तालिममा भाग लिन ईच्छुक युवाहरुले मिति २०८३ जेठ ८ गतेदेखि १५ गतेसम्म यस संस्थामा निवेदन दिनुहुन अनुरोध गरिन्छ।

**लालित्य सेवा प्रतिष्ठान**, मकवानपुर

बजेटमा कैंची

# संघीय वित्तीय अनुदारवादको सिकार बन्दै स्थानीय तह

काठमाडौं/नेपालको संविधानले परिकल्पना गरेको राज्य संरचनाको सबभन्दा बलियो र जनताको घरदैलोको सरकार भनेकै स्थानीय तह हो। सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने नारासाथ स्थापित यी सरकारहरु पछिल्लो समय संघीय सरकारको वित्तीय अनुदारवादको सिकार बनि-रहेका छन्।



अघिल्ला सरकारहरुले सुरु गरेको वित्तीय समानीकरण अनुदान कटौतीको विद्रुप सिलसिलाले वर्तमान सरकारको पालामा पनि निरन्तरता पाएको छ। यसले स्थानीय सरकारको स्वायत्तता र संवैधानिक अधिकार माथि नै गम्भीर प्रश्न खडा गरिदिएको छ। हिजो आफैं स्थानीय सरकारको नेतृत्व गरेर आएका र स्थानीय तहका समस्या एवम् चुनौतीलाई नजिकबाट भोगेका भनिएका प्रधानमन्त्री बालेन शाहको नेतृत्वमा समेत यस सिलसिला झन् कठोररुपमा दोहोरिनु अनौठो मानिएको छ। स्थानीय सरकारका प्रतिनिधिहरुले यसअघि पनि पटकपटक बजेट कटौतीविरुद्ध आवाज उठाउँदै आएका थिए, तर केन्द्रको बानीमा सुधार आएन। फेरि महालेखा नियन्त्रक कार्यालयमार्फत् आएको एक परिपत्रले देशभरका ७ सय ५३ वटै स्थानीय तहलाई ठूलो झट्का दिएको छ।

*अन्तिम किस्तामा भारी कटौती*

महालेखा नियन्त्रक कार्यालयले जेठ ५ गते सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई एउटा परिपत्र जारी गर्दै चालु आर्थिक वर्षको वित्तीय समानीकरण अनुदानको अन्तिम किस्तामा भारी कटौती गर्न निर्देशन दियो। संघीय सरकारको निर्णय सार्वजनिक भएलगत्तै देशभरका गाउँपालिका र नगरपालिकाहरुमा आक्रोश फैलिएको छ।

सरकारले चालु आर्थिक वर्षका लागि स्वीकृत गरेको कुल ८८ अर्ब ९७ करोड अनुदानमध्ये तेस्रो र चौथो किस्तामा २५/२५ प्रतिशत्का दरले ५० प्रतिशत् रकम निकासा हुनुपर्ने कानुनी र संवैधानिक सुनिश्चितता थियो। तर, सरकारले त्यसलाई नाटकीयरुपमा घटाएर २०.४३ प्रतिशत्मा खुम्च्याइदिएको छ। यसको प्रत्यक्ष अर्थ स्थानीय सरकारहरुले प्राप्त गर्ने भनिएको समग्र बजेटको करिब ८.५५ प्रतिशत् अर्थात् झण्डै ७ अर्ब ६० करोड अब स्थानीय तहको खातामा पुग्ने छैन। यसले स्थानीय तहमा साना-ठूला विकास निर्माणका आयोजना, सामाजिक सुरक्षाका कार्यक्रम र आधारभुत सेवाप्रवाहमै असर पर्ने देखिन्छ।

*आन्दोलनको चेतावनी*

यस प्रकारको एकतर्फी र अप्रत्याशित निर्णयपछि गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघले संयुक्तरुपमा कडा आपत्ति व्यक्त गर्दै आन्दोलनको चेतावनी दिएका छन्। यी दुई छाता संगठनहरुले सरकारको कदमलाई वित्तीय संघीयताको मर्मविपरीत र स्थानीय तहको संवैधानिक अधिकार माथिको नांगो हस्तक्षेपका रुपमा चित्रण गरेका छन्। वित्तीय समानीकरण अनुदान भनेको संघीय सरकारले स्थानीय तहलाई दिने कुनै दया वा दान होइन, बरु यो त संविधानले नै ग्यारेन्टी गरेको अधिकार हो भन्ने उनीहरुको तर्क छ।

संविधानको अनुसूची ८ ले व्यवस्था गरेको स्थानीय तहको एकल अधिकारको प्रयोगमार्फत् हुने सेवाप्रवाह र योजना तर्जुमाका लागि वित्तीय समानीकरण अनुदान नै मेरुदण्ड हो। जब मेरुदण्ड नै भाँच्ने गरी केन्द्रबाट प्रहार हुन्छ, तब संघीयताको सुन्दर संरचना कसरी उभिन सक्छ भन्ने प्रश्न पेचिलो बनेको छ। स्थानीय सरकारका प्रतिनिधिहरुले सरकारको कदमले संविधानको भावनालाई कुल्चिएको र संघीयता कार्यान्वयनमा सरकार इमान्दार नदेखिएको स्थानीय सरकारहरुको आरोप छ।

संघीयता विज्ञहरु र स्थानीय तहका नेतृत्वकर्ताहरुका अनुसार यस्तो संवेदनशील निर्णय गर्दा न्यूनतम् लोकतान्त्रिक अभ्यासको समेत पालना गरिएको छैन। नेपालको संविधान र अन्तर्सरकारी वित्त व्यवस्थापन ऐनले संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र परामर्शका लागि राष्ट्रिय समन्वय परिषद् वा अन्तर्सरकारी वित्त परिषद् जस्ता संयन्त्रको व्यवस्था गरेको छ।

तर, संघीय सरकारले यी कुनै पनि निकायमा छलफल नगरी, स्थानीय सरकारका प्रतिनिधिहरुलाई पूर्वजानकारीसमेत नदिइ एकलौटी-ढंगले बजेटमा कैंची चलाएको छ। गाउँपालिका राष्ट्रिय महासंघ अध्यक्ष लक्ष्मीदेवी पाण्डे र नेपाल नगरपालिका संघ अध्यक्ष भीमप्रसाद ढुंगानाले संयुक्तरुपमा सरकारको ध्यानाकर्षण गराउँदै उक्त निर्णय न्यायसंगत् नभएको बताएका छन्। उनीहरुका अनुसार धेरैजसो योजना कार्यान्वयनको अन्तिम चरणमा छन्, कतिपयको काम सम्पन्न भएर भुक्तानी दिने समय भइसकेको छ। यस्तो बेला अचानक बजेट काटिँदा ठेकेदारहरुलाई भुक्तानी दिन नसकिने र विकास निर्माणका कार्यहरु अलपत्र पर्ने स्थिति सिर्जना भएको छ।

*वित्त आयोगलाई लत्यायो सरकारले*

सरकारको कदमले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस र गरिमालाई समेत लत्याएको स्पष्ट देखिएको छ। वित्त आयोगले फागुन १३ गते नै अर्थ मन्त्रालयलाई पत्राचार गर्दै स्थानीय सरकारमा जाने वित्तीय समानीकरण अनुदान कटौती नगर्न स्पष्ट सुझाव दिएको थियो। समानीकरण अनुदान स्थानीय तहको न्यूनतम् आवश्यकता पूर्ति गर्ने आधार हो र यसमा कटौती गर्दा स्थानीय स्वायत्ततामा असर पर्ने आयोगको जिकिर थियो। एउटा संवैधानिक आयोगको सिफारिसलाई समेत रद्दीको टोकरीमा मिल्काउँदै अर्थ मन्त्रालयले अनुदानमा कैंची चलाउनुले संघीयता कार्यान्वयनमा सरकारको नियतमाथि प्रश्न उठाएको छ।

संघीयताको सिद्धान्तअनुसार संघीय सरकारले सशर्त अनुदान (जुन केन्द्रले तोकेको काममा मात्र खर्च गर्न पाइन्छ) लाई घटाउँदै लैजाने र समानीकरण अनुदान (जुन स्थानीय तहले आफ्नो आवश्यकताअनुसार खर्च गर्न पाउँछन्) लाई बढाउँदै लैजानुपर्ने हो। तर, व्यवहारमा ठ्याक्कै उल्टो भइरहेको छ।

*निरन्तर हुँदैछ कटौती*

बजेट कटौतीको यो रोग नयाँ भने होइन। यद्यपि, यस पटकको प्रहार अझ बढी घातक छ। विगतका वर्षहरुमा पनि संघीय सरकारले विभिन्न बहानामा स्थानीय तहको बजेट रोक्ने गरेको इतिहास छ। आर्थिक वर्ष २०७९/०८० मा पनि अन्तिम किस्ताको २५ प्रतिशत् वित्तीय समानीकरण अनुदान कटौती गरिएको थियो।

आर्थिक वर्ष २०८०/०८१ को विनियोजन ऐनमा त सरकारले झन् घातक व्यवस्था नै गरेको थियो, जहाँ प्रदेश र स्थानीय तहलाई दिनुपर्ने अनुदान रकम संघीय सरकारले आफ्नो तजबिजीमा कटौती गर्न सक्ने प्रावधान राखियो। सोही प्रावधानको आडमा २०८० माघमा २६ प्रतिशत् बजेट काटिएको थियो। हाल २०८१/०८२ को बजेट कार्यान्वयनको क्रममा पनि त्यही पुरानो र खराब प्रवृत्ति दोहोऱ्याएको थियो।

*बहाना देखाउँदै काट्दै*

विनियोजन ऐनअनुसार प्रत्येक वर्षको भदौ, कात्तिक, माघ र बैशाख महिनाको २ गते चार किस्तामा अनुदान पठाउनुपर्ने बाध्यकारी व्यवस्था भए पनि सरकारले राजस्व संकलनको लक्ष्य पूरा नभएको बहाना बनाउँदै स्थानीय तहको भाग खोस्ने काम गरिरहेको छ। संघीयताविज्ञ खिमलाल देबकोटाका अनुसार सरकारले राजस्व संकलन कम भएको बहाना बनाएर समानीकरण अनुदानमाथि प्रहार गर्नु सरासर गलत हो। सरकारसँग खर्च कटौतीका अन्य थुप्रै विकल्प हुँदाहुँदै पनि संविधानप्रदत्त अनुदानमाथि कैंची लगाउनुले संघीयताको भावना र अनुदान वितरणको सामान्य सिद्धान्तलाई समेत अपमान गरेको छ।

'संघीय सरकारको आफ्नै फजुल खर्च, प्रशासनिक खर्च र ठुला नेताका गोजीका आयोजनामा बजेट विनियोजन गर्दा कुनै कञ्जुस्याइँ नगर्ने, तर जब आर्थिक संकटको कुरा आउँछ, तब सबभन्दा पहिले तल्लो तहको बजेट काट्ने प्रवृत्ति आफैंमा विभेदकारी छ। यदि राजस्व कम उठेको हो भने संघीय सरकारका आफ्ना मन्त्रालय र केन्द्रका आयोजनाहरुको बजेट कटौती गर्नुपर्ने हो,' देबकोटाले भने।

*स्थानीय सरकारबारे बुझ पचाए*

हालको राजनीतिक परिदृष्यमा यस घटनाले झन् ठूलो नैतिक प्रश्न उब्जाएको छ। हिजो पुरानो दल र पुराना नेताले देश बिगारे भन्दै नयाँ शक्तिको रुपमा उदाएका र स्थानीय सरकारको नेतृत्व गरेकै अनुभवका आधारमा देशको सर्वोच्च पदमा पुगेका प्रधानमन्त्री बालेनबाट स्थानीय सरकारहरुले ठूलो अपेक्षा राखेका थिए।

पछिल्ला दिनमा स्थानीय तहले भोग्ने वित्तीय अभाव र केन्द्रको हेपाहा प्रवृत्तिबारे जानकार व्यक्ति नै प्रधानमन्त्री हुँदा पनि बिगतकै जस्तो बजेट कटौतीको श्रृंखला दोहोरिनुलाई धेरैले आश्चर्यका रुपमा लिएका छन्। संघीय सरकारले स्थानीयतहलाई वेवास्था गरेर काम गर्दा सरकारी संरचना नै ध्वस्त त हुने होईन ?

# खानेपानी लाइनमा छ करोड क्षति

काठमाडौं/सरकारी निकायबीच एकापसमा समन्वय नगरी काम गर्दा काठमाडौं उपत्यकाभित्र बिछ्याइएका खानेपानीको पाइप लाइनमा क्षति भएको पाइएको छ।

महालेखापरीक्षकको कार्यालयले तयार पारेको ६३ औं वार्षिक प्रतिवेदनअनुसार अन्तर्निकाय बीच समन्वय नगरी काम गर्दा खानेपानी लाइनमा छ करोड ५९ लाख ६८ हजार बराबर क्षति भएको पाइएको छ।

क्षति भएको रकम बराबरको शोध भर्ना लिनुपर्नेमा त्यसबापत् रकम प्राप्त हुनसकेको छैन। काठमाडौं उपत्यकामा बिछ्याइएको पाइपमा सडक, विद्युत्लगायत कार्य गर्दा पाइपमा क्षति पुगेको थियो। विवरणअनुसार नेपाल विद्युत् प्राधिकरणले काम गर्दा एक करोड ६७ लाख ५७ हजार बराबरको क्षति पुगेको छ। सडक विभागले आवश्यक काम गर्दा दुई करोड ८० हजार, ललितपुर महानगरपालिकाले आवश्यक काम गर्दा एक करोड १२ लाख ७३ हजार र अन्य निकायका तर्फबाट एक करोड ७१ लाख ३८ हजार बराबर क्षति पुगेको थियो।

एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता अन्त्य गरी नयाँ सम्झौता गरिएको सन्दर्भमा कार्यसम्पादन जमानत र पेश्कीसमेत गरी दुई अर्ब ५९ करोड ९९ लाख असुल गर्ने गरी निर्णय भएको थियो। उक्त निर्णयबमोजिम उक्त रकम असुल नभएकामा महालेखाले प्रश्न उठाएको छ। काठमाडौं उपत्यकाको कोड्कु, सल्लाघारी, धोबीघाटमा फोहोर पानी प्रशोधन केन्द्र निर्माणका सन्दर्भमा एक निर्माण व्यवसायीसँग ठेक्का तोडेर अर्को ठेक्का गरेको थियो। सुरुमा एक विदेशी कम्पनीसँग तीन अर्ब ४६ करोड ९६ लाखमा सम्झौता भएको थियो।

कम्पनीले ७८ करोड ७७ लाख २५ हजार बराबरको कार्यसम्पन्न भएको थियो। तोकिएको समयमा काम नभएपछि ठेक्का सम्झौता अन्त्य गरी पुन: नयाँ निर्माण व्यवसायी छनौट गरिएको थियो। नयाँ व्यवसायी छनौटअघि छ।

## बीमालेख हराएको सूचना

यही मिति २०८३ बैशाख ६ गते चौघडाबाट हेटौंडा बजार आउने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु।

**बीमा कम्पनीको नाम** : लाइफ इन्योरेन्स कर्पोरेशन (नेपाल) लि.
**बीमालेखदाताको नाम** : श्यामलाल बिश्वकर्मा
**ठेगाना** : हेटौंडा-१६, चिसापानी, मकवानपुर
**बीमालेख नं.** : २५०८१८६१२
**सम्पर्क नम्बर** : ९८५५०७७२९६

# चियाको निजीकरण प्रक्रियाप्रति गम्भीर प्रश्न




काठमाडौं/नेपाल चिया विकास निगमको निजीकरण प्रक्रियामा गरिएको पूरक सम्झौता, भाडा छुट तथा राजस्व असुलीमा देखिएको कमजोरीबारे महालेखा परीक्षकको कार्यालयले गम्भीर प्रश्न उठाएको छ। बुक बिल्डिङ प्रणालीमार्फत् प्राथमिक सेयर निष्काशन (आईपीओ) गर्न नेपाल स्टक एक्सचेञ्ज (नेप्से) सँग सम्झौता गरेको निगममाथि महालेखाले प्रश्न उठाएको हो।

महालेखाको प्रतिवेदनअनुसार नेपाल सरकारले २०५७ असार १४ गते नेपाल चिया विकास निगम निजीकरण गर्दा खरिदकर्तासँग १५ वर्षका लागि सम्झौता गरेको थियो। सम्झौताअनुसार निगमको नाममा रहेको ५ हजार १९६.३४ एकड जग्गा प्रयोग गरेबापत् वार्षिक २ करोड ८० लाख १ हजार रुपियाँ भाडा बुझाउनुपर्ने व्यवस्था थियो। प्रत्येक पाँच वर्षमा ५ लाख १ हजारका दरले भाडावृद्धि हुने सर्त राखिएको थियो। तर, पछि गरिएको पूरक सम्झौताले मूल सम्झौताका प्रावधान नै कमजोर बनाएको महालेखाको निष्कर्ष छ। निगमले १ हजार २१२.६१ एकड जग्गा उपलब्ध गराउन नसकेको आधारमा २०६२ मा निजीकरण समितिले आनुपातिकरुपमा भाडा घटाएर २ करोड १४ लाख ६८ हजार कायम गरेको थियो।

त्यसपछि मन्त्रिपरिषद्को २०६४ मंसिर १२ को निर्णयअनसार २०६४ फागुन २२ मा गरिएको पूरक सम्झौतामार्फत भाडा घटाएर वार्षिक ४० लाख कायम गरिएको देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। महालेखाले मूल सम्झौतामा भाडा दर संशोधन गर्न नसकिने स्पष्ट व्यवस्था हुँदाहुँदै त्यसविपरीत पूरक सम्झौता गरिएको उल्लेख गरेको छ। अन्तर्राष्ट्रिय चिया समितिको मूल्यलाई आधार मानेर भाडा समायोजन गरिएको भनिए पनि त्यसको कानुनी आधार र अध्ययन प्रतिवेदन सार्वजनिक नगरिएको भन्दै प्रश्न उठाएको छ।

प्रतिवेदनअनुसार २०५७ देखि २०६२ सम्मको तिर्न बाँकी १० करोड ७३ लाख ४२ हजार रुपियाँ १० वर्षभित्र बुझाउनुपर्ने व्यवस्था भए पनि कम्पनीले समयमै भुक्तानी नगरेको देखिएको छ। २०८१ असार मसान्तमा मात्र ८ करोड ७३ लाख ८३ हजार भुक्तानी गरिएको उल्लेख छ। महालेखाले ढिला भुक्तानीका कारण लाग्ने ब्याजसमेत असुल गर्नुपर्ने जनाएको छ। प्रतिवेदनअनुसार १५ प्रतिशत् साधारण ब्याजदरका आधारमा ७ वर्षको ९ करोड १७ लाख ५२ हजार तथा बाँकी रकममा थप २ करोड ३९ लाख ५१ हजार ब्याज असुल गर्नुपर्ने देखिएको छ।

*आईपीओ ल्याउने तयारीमा कम्पनी*

पछिल्लो समय निकै चर्चामा आए पनि प्रभावकारी बन्न नसकेको प्रणाली बुक बिल्डिङमार्फत् आईपीओ निष्कासन प्रक्रिया अघि बढाएको छ। सस्तो मूल्यमा सरकारी जग्गा भाडामा लिएको आरोप लागेको त्रिवेणी ग्रुपले चिया विकास निगमको बुकबिल्डिङमार्फत् आईपीओ जारी गर्न खोजेको छ। यसका लागि नेप्सेसँग गत बैशाखमा सम्झौता भएको थियो। सम्झौतापछि अख्तियारदेखि अर्थ मन्त्रालयसम्म उजुरी परेको छ। निगममा त्रिवेणी ग्रुपको ६५ प्रतिशत् र बाँकी स्वामित्व सरकारका विभिन्न निकायको नाममा छ। सरकारको पनि स्वामित्व रहेको कम्पनीको सेयर जारीको सम्झौता गर्दा अर्थ मन्त्रालयसँग अनुमति नलिई सीईओ चुडामणि चापागाईंले सम्झौता गरेको आरोप लागेको छ। कम्पनीको वित्तीय पारदर्शिता, सरकारी दायित्व, विवादित पूरक सम्झौता र महालेखाले औंल्याएका अनियमि तताबीच आईपीओ प्रक्रिया अघि बढाइएको विषयले बुक बिल्डिङ प्रणालीमाथि नै प्रश्न उठिरहेको छ।

पछिल्लो समय आईपीओ निष्कासन गरेका कम्पनी र आउने कम्पनीको लाइन हेर्दा बुकबिल्डिङको परिभाषा नै परिवर्तन गर्नुपर्ने देखिएको विज्ञहरु बताउँछन्। कम्पनीको वित्तीय अवस्था नै पारदर्शी नभएका कम्पनीहरु बुकबिल्डिङमार्फत् आईपीओ निष्कासन गर्न तँछाडमछाड गर्दा नेपालको पुँजीबजार नै जोखिममा पर्ने एक लगानीकर्ताले बताए। नेपालमा बुक बिल्डिङ प्रणाली अझै पूर्णरुपमा विश्वसनीय बन्न नसकेको अवस्थामा नियामक निकायहरुले यस्ता विवादित पृष्ठभूमि भएका कम्पनीलाई प्राथमिकता दिनु पुँजीबजारका लागि जोखिमपूर्ण हुनसक्ने सेयरबजारका जानकार ज्योति दाहाल बताउँछन्।

दाहालका अनुसार विशेषगरि बुक बिल्डिङ प्रणाली संस्थागत् लगानीकर्ताको मूल्य निर्धारणमा आधारित हुने भएकाले कम्पनीको सुशासन, वित्तीय अनुशासन र कानुनी दायित्व स्पष्ट हुनु अत्यन्त आवश्यक मानिन्छ। तर, महालेखाको प्रतिवेदनले उठाएका प्रश्नहरुको निष्कर्ष नआउँदै आईपीओ प्रक्रिया अघि बढ्नुले नियामकीय विश्वसनीयतामाथि नै प्रश्न उठाउन सक्ने देखिन्छ। नेप्सेले भने नियमअनुसार नै सम्झौता गरेको जनाएको छ। 'हामीले सम्झौतामात्र गरिदिने हो,' नेप्सेका एक अधिकारीले भने-इच्छुक कम्पनीसँग सम्झौतामात्र हामीले गर्ने हो। कम्पनीको वित्तीय अवस्था पारदर्शितालगायत विषय हेर्ने र अनुमति दिने नदिने काम धितोपत्र बोर्डकै हो।

*योग्यताको प्रश्न*

बुक बिल्डिङमार्फत् आईपीओ जारी गरेका सर्वोत्तम सिमेन्ट, रिलायन्स स्पिनिङ मिल्स होस् वा आईपीओ निष्कासनका लागि पाइपलाइनमा भएका अन्य कम्पनी, सबैको वित्तीय अवस्था पारदर्शी हुन नसक्दा यस प्रणाली नै बदनाम बनेको टिप्पणी भइरहेको छ।

पुँजीबजार विज्ञहरुका अनुसार कुनै पनि कम्पनीले बुक बिल्डिङमार्फत् आईपीओ जारी गर्नुअघि उसको वित्तीय विवरण, कर दायित्व, कानुनी विवाद, सरकारी बक्यौता तथा सुशासन अवस्था स्पष्ट हुनुपर्छ।


तर, त्यही सबै कुरा लुकाएर कम्पनीले आईपीओ गर्न अगाडि बढिरहेका छन्। यसको उदाहरणमा चिया विकास निगम पनि थपिएको छ।







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।

**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# हेटौंडाका वडाहरुमा समुदायस्तरीय कानुनी सचेतना



सन्देश संवाददाता

हेटौंडा/टोलविकास संस्था नगर समन्वय समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिका न्यायिक समितिको सहयोगमा समुदायस्तरीय कानुनी सचेतना कार्यक्रमहरु सम्पन्न भएका छन् । कार्यक्रम हेटौंडा उपमहानगर पालिकाका वडा–१, ३, ४, ६, ७, ८, ९, ११, १३, १४, १५ र १९ गरी १२ वटा वडामा सम्पन्न गरिएको आयोजकले जनाएको छ । कार्यक्रमको व्यवस्थापन सम्बन्धित वडा समन्वय समिति तथा स्थानीय टोलविकास संस्थाहरुले गरेका थिए ।

समुदायमा हुने सामाजिक विवाद, घरेलु झगडा, मेलमिलाप, न्यायिक प्रक्रिया, नागरिक अधिकार तथा कर्तव्य, सामाजिक उत्तर दायित्व, साइबर अपराध, महिला तथा बालअधिकारलगायत विषयमा कार्यक्रममार्फत् सहभागीहरुलाई जानकारी प्रदान गरिएको थियो । टोलटोलमा हुने सामान्य प्रकृतिका विवादलाई समुदायस्तरमै संवाद, सहकार्य र कानुनी प्रक्रियामार्फत् कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा प्रशिक्षण तथा अन्तर्क्रिया गरिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपप्रमुख एवम् न्यायिक समिति संयोजक राजेश बानियाँले समाजमा बढ्दै गइरहेका सामाजिक तथा पारिवारिक विवाद न्यूनीकरण गर्न यस्ता सचेतनामूलक कार्यक्रम प्रभावकारी हुने बताए । उनले समुदायमा कानुनी चेतना अभिवृद्धि गर्नु आवश्यकता भएको उल्लेख गर्दै स्थानीयस्तरमा मेलमिलाप र सहकार्यको संस्कृतिलाई बलियो बनाउनुपर्ने धारणा व्यक्त गरे । उनले धेरै विवाद समयमै संवाद र समझदारीमा फर्त् समाधान गर्न सकिने बताउँदै टोलविकास संस्थाहरुलाई सामाजिक सद्भाव, एकता र समुदायस्तरको नेतृत्व विकास गर्ने महत्वपूर्ण आधारका रुपमा अघि बढाउनुपर्ने बताए ।

टोलविकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुवप्रसाद अधिकारीले समुदायमा कानुनी ज्ञान र सचेतनाको अभावका कारण सामान्य विवादले समेत जटिल रुप लिने गरेको उल्लेख गरे । उनले यस्ता कार्यक्रमले समाजलाई सकारात्मक दिशा प्रदान गर्नुका साथै जिम्मेवार नागरिक निर्माणमा महत्वपूर्ण योगदान पु¥याउने विश्वास व्यक्त गरे । अध्यक्ष अधिकारीले टोलविकास संस्थाहरु–लाई समुदाय परिवर्तनको आधार शक्तिका रुपमा विकास गर्दै सामाजिक उत्तरदायित्व, सहकार्य, मेलमिलाप र सकारात्मक सामाजिक संस्कार निर्माणमा सक्रिय बनाइनुपर्ने धारणा राखे ।

कार्यक्रममा विभिन्न टोल विकास संस्था, वडा समन्वय समिति, महिला समूह, नारी समाजका अगुवा व्यक्तित्व, युवा, अभिभावक तथा स्थानीय नागरिकको सहभागिता थियो । कार्यक्रममा न्यायिक समितिका सदस्य ज्ञानबहादुर थापा, अधिवक्ता सुजन तिमल्सिना, अमृत बर्तौला, सन्तोष पौडेल लगायतले सहजीकरण गरेका थिए । कार्यक्रम सफल बनाउन सहयोग गर्ने हेटौंडा उपमहानगर पालिका न्यायिक समिति, वडा समन्वय समितिहरु, टोलविकास संस्थाहरु, विभिन्न संघसंस्था, महिला समूह, स्वयम्सेवक तथा प्रत्यक्ष/अप्रत्यक्षरुपमा सहयोग गर्नेप्रति आयोजकले धन्यबाद व्यक्त गरेको छ ।

## "हेटौंडामा युवा संवाद :

"सङ्घीयता समावेशिता र वित्तीय शासनमा युवाको साझा आवाज"



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको राजधानी हेटौंडामा संघीय शासन प्रणाली, समावेशी लोकतन्त्र तथा वित्तीय संघीयताबारे युवामा साझा बुझाइ विकास गर्ने उद्देश्यले प्रदेशस्तरीय युवा संवाद कार्यक्रम सम्पन्न भएको छ ।

United Nations Development Programme अन्तर्गतको PLGSP / flc.org.np को सहकार्यमा आयोजित कार्यक्रममा बागमती प्रदेशका विभिन्न जिल्लाबाट सहभागि करिब ५८ जना युवा, विद्यार्थी, सामाजिक अभियन्ता, जनप्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता रहेको थियो ।

कार्यक्रममा संघीयता कार्यान्वयन, अन्तर-सरकारी सम्बन्ध, समावेशी शासन, वित्तीय संघीयता तथा नीति निर्माण प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिताबारेका बिषयमा छलफल गरिएको थियो ।

सहभागीहरूले प्रतिनिधित्व मात्रै होइन, वास्तविक समावेशिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए । 'संघीयता बुझाइ' सत्रमा डा. खिमलाल देवकोटाले वित्तीय संघीयता, स्रोत बाँडफाँट र बजेट सिमुलेसनबारे सहजीकरण गरेका थिए । त्यसैगरी प्रह्लाद लामिछाने, प्रकाश पन्थ, मोहम्मद आयुब तथा कृष्णकुमार साहले विभिन्न विषयगत सत्रहरु सञ्चालन गरेका थिए ।

कार्यक्रमको सञ्चालन लुमना तुलाधर उप्रेतीले गरेकी थिइन् । आयोजकका अनुसार यस्ता युवा संवाद कार्यक्रम यसअघि जनकपुर र विराटनगरमा सम्पन्न भइसकेका छन् भने आगामी दिनमा अन्य बाकी प्रदेशहरुमा पनि विस्तार गरिने र यसबारेमा जानकारी प्रदान गरिने आयोजकले जनाएको छ ।

## त्रिभुवन माविका शिशु विद्यार्थीलाई ब्याग र शैक्षिक सामग्री वितरण

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-११ स्थित त्रिभुवन माध्यमिक विद्यालयले शिशु कक्षामा अध्ययनरत २० जना छात्रछात्रालाई विद्यालय ब्याग र शैक्षिक सामग्री वितरण गरेको छ । विद्यालयका प्रधानाध्यापक रामकुमार बर्तौलाका अनुसार गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई लक्षित गरी उक्त सामग्री वितरण गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि एवं वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष जुना दाहालले यस्ता ससाना सहयोगले विद्यार्थीको शैक्षिक उन्नतिमा ठूलो मद्दत पुग्ने बताइन् ।

विद्यालय व्यवस्थापन समितिका सदस्य बद्री लम्सालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामकुमार बर्तौला, सहायक प्रधानाध्यापकद्वय बैकुण्ठ नेपाल र शर्मिला ढकाल लगायत शिक्षक-शिक्षिकाहरूको उपस्थिति रहेको थियो ।




# पर्यटनसँगै कृषि र उद्योगको एकीकरणले मात्र दिगो विकास सम्भव

जी. न्यौपाने



हेटौंडा/बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालय र महिला विकास सहकारी संस्था लिमिटेडको संयुक्त आयोजनामा हेटौँडामा एक दिवसीय राष्ट्रिय सम्मेलन तथा गोष्ठी सम्पन्न भएको छ । 'संस्कृति र पर्यटनसँग सहकार्य: कृषि, वन तथा उद्योग क्षेत्रमा देखिएका चुनौती र अवसर' विषयक उक्त गोष्ठीले विभिन्न क्षेत्रको एकीकृत विकासका लागि बहुपक्षीय सहकार्यमा जोड दिएको छ ।

महिला विकास सहकारी संस्था लिमिटेड, नुवाकोटकी अध्यक्ष तुलसा रिमालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका मन्त्रीहरू, उच्च पदस्थ अधिकारीहरू र विभिन्न सरोकार-वालाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

गोष्ठीमा समृद्ध नेपाल कृषि सहकारी संस्था लिमिटेड (काभ्रे), सुप्रीति बचत तथा ऋण सहकारी संस्था लिमिटेड (हेटौँडा), आनन्द-दायक बहुद्देश्यीय सहकारी संस्था लिमिटेड (दोलखा) र होटल ब्राण्ड प्रा.लि. (हेटौँडा-१०) सह-आयोजकका रूपमा रहेका थिए ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन परम्परागत संस्कृति र पर्यटनलाई कृषि तथा वन क्षेत्रसँग जोड्नुपर्नेमा जोड दिए । उनले मन्त्रालयले सबै क्षेत्रलाई समेटेर एकीकृत सांस्कृतिक पर्यटन नीति निर्माण गर्ने प्रक्रिया अघि बढाइसकेको र यसको सबैको साथको आशा गरिएको बताए ।

त्यस्तै, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठले स्थानीय कच्चा पदार्थमा आधारित हस्तकला तथा लघु उद्योगहरूको सांस्कृतिक ब्रान्डिङ गर्नुपर्ने आवश्यकता औंल्याईन । उनले सहकारीमार्फत् युवा उद्यमीहरूलाई प्रविधि र सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने विषयमा प्रदेश सरकार प्रतिबद्ध रहेको स्पष्ट पारिन् ।

प्रदेशकी मुख्य न्यायाधिवक्ता अप्सरा बस्नेतले वन, कृषि र उद्योगका क्षेत्रमा विद्यमान कानुनी तथा प्रशासनिक जटिलता हटाउन तीनै तहका सरकारबीच नीतिगत एकरूपता र कानुनी सुधारको आवश्यकता रहेको बताईन् ।

संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दिपेन्द्र सुवेदीले ग्रामीण होमस्टेहरूलाई रैथाने कृषि उत्पादन र पर्या-पर्यटनसँग आबद्ध गर्दा मात्र पर्यटकको बसाइ अवधि लम्बिने र स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने धारणा राखेकी थिईन् ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष तुलसा रिमालले ग्रामीण महिला तथा युवाहरूको आर्थिक सशक्तीकरणका लागि यो गोष्ठी महत्वपूर्ण रहेको बताए । उनले कृषि, पर्यटन र उद्योगको एकीकृत मोडललाई व्यवहारमा उतार्न सकेको खण्डमा यो सम्मेलन ग्रामीण विकासका लागि कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्दै यसका लागि सबैले साथ दिनुपर्ने जोड दिईन् ।

## बुद्धिचाल महासंघको विशेष साधारणसभा अनिर्णित



सन्देश संवाददाता

हेटौंडा/नेपाल बुद्धिचाल महासंघको हेटौँडामा आइतबार भएको विशेष साधारणसभाले निर्णय लिन सकेन । कुल प्रतिनिधि परिषद् संख्या १ सय १८ मध्ये उपस्थिति ५१ प्रतिशत् भन्दा कम भएकाले महासंघको विधान २०४८ आठौं संशोधन (२०८०) को दफा १० को उपदफा ५ को (घ) बमोजिम आज सोमबार दोस्रो पटक विशेष साधा–रणसभा आयोजना गर्ने उपस्थित प्रतिनिधिको सर्वसम्मत् निर्णय भएको छ । सोमबारको कार्यक्रम मिराज बुटिक होटल, हेटौँडा–२ मा विहान ९ बजे शुरु हुनेछ ।

नेपाल बुद्धिचाल महासंघको कार्यसमिति बैठकले निर्णय गरे बमोजिम महासंघको विशेष साधा–रणसभा आइतबार हेटौँडामा भएको हो । बैशाख १२ गते अध्यक्ष हेराकाजी महर्जन तथा महासचिव धरमबहादुर लामाविरुद्ध महासंघ वरिष्ठ उपाध्यक्ष दिपेन राईले साधा–रणसभाका ४० जना प्रतिनिधिहरुको हस्ताक्षरसहित अविश्वासको प्रस्ताव निवेदन पेश गरेको परिप्रेक्ष्यमा सभा भएको हो ।

अविश्वास प्रस्तावमाथि बैशाख ३० गते बसेको बैठकले विधानको परिच्छेद ७ दफा २२ उपदफा २ मा स्पष्टरुपमा उल्लेखित 'उपदफा १ बमोजिम दर्ता हुन आएको अविश्वासको प्रस्तावमाथि छलफल र निर्णयका लागि सम्बन्धित कार्यसमितिले ३५ दिनभित्र विशेष साधारणसभा बस्ने गरी सूचना दिनुपर्नेछ' भन्ने व्यवस्था अनुसार मिति तय भएको थियो । नेपाल बुद्धिचाल महासंघका साधा–रणसभा सदस्य १ सय १८ जनामध्ये ७ जना प्रतिनिधिले कार्यव्यस्तताका कारण उपस्थित हुन नसक्ने जानकारी गराउँदै हेटौँडामा सम्पन्न सभाका लागि सहमतसहित शुभकामना सन्देश पठाएका छन् ।

केन्द्रीय कार्यसमितिले बहुमतद्वारा अविश्वास प्रस्ताव निर्णयार्थ पेश गर्नका लागि विशेष साधारणसभा हेटौँडामा गर्ने निर्णय भएको थियो । स्थानका सम्बन्धमा केही पदाधिकारीले भने लिखित असहमति जनाएका थिए । विशेष साधारणसभामा पर्यवेक्षकको निष्पक्ष भूमिकाका लागि आफ्नो छाता संस्थाहरु वर्ल्ड चेस फेडरेसन तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा लिखित जानकारी पेश गरिएकोमा फिडे डेलिगेट दिलजित खन्नालाई नेपाल बुद्धिचाल महासंघ महासचिव लामा तथा सचिवालय सदस्य बाला–राम पुनद्वारा हेटौँडामा स्वागत गरिएको छ ।

यस सम्बन्धमा राखेपको प्रतिनिधिसमेत विशेष साधारणसभामा उपस्थिति रहेको लामाले बताए । विधानको परिच्छेद ३ दफा १० उपदफा ५ को (घ) अनुसार साधा–रणसभामा कम्तिमा ५१ प्रतिशत् सदस्य उपस्थित भएपछि सभाको गणपुरक संख्या मानिनेछ । नपुग भए ३३ सदस्यलाई गणपुरक मानिने व्यवस्था छ । तर, दोस्रोमा पनि संख्या नपुग भएमा तेस्रो आह्वानमा उपस्थित संख्यालाई नै गणपुरक मानिनेछ । यसरी आह्वान गरिएको विधिलाई विधानले मान्यता दिएको छ । अविश्वास प्रस्ताव पारित गर्न दुई तिहाइ प्रतिनिधि र विफल गर्न एक तिहाइ प्रतिनिधि आवश्यक रहने विधानको व्यवस्था छ ।

## काभा च्याम्पियनसिपको सेमिफाइनलमा नेपाल

सन्देश संवाददाता

काठमाडौं/नेपालले लगातार दोस्रो जित निकाल्दै घरेलु भूमिमा जारी काभा महिला भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा स्थान बनाएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा आइतबार भएको खेलमा नेपालले माल्दिभ्समाथि ३–० को सोझो सेटमा जित निकाल्यो । समूह 'ए' को नेपालको तेस्रो खेलमा यो दोस्रो जित हो ।

भारतसँग ३–२ को सेटमा प्रतिस्पर्धात्मक हारबाट नेपालले काभा महिला भलिबल च्याम्पियनसिपको सुरुवात गरेको थियो । चार टोली सम्मिलित समूह 'ए' को बाँकी दुई खेलको नतिजा आफ्नो बनाउँदै नेपाल सेमिफाइनलमा पुग्न सफल भयो । समूह विजेताको टुंगो भने सोमबार हुने लिग चरणको अन्तिम खेलले तय हुनेछ ।

यस समूहको अन्तिम खेलमा भारत र कीर्गिस्तानबीच प्रतिष्पर्धा हुनेछ । भारतलाई सोझो सेटमा हराएमा कीर्गिस्तान यस समूहबाट सेमिफाइनलमा पुग्नेछ । सेमिफाइ–नलमा पुग्न भारतलाई भने ३–२ को सेटको नतिजा पनि पर्याप्त हुनेछ । तीन खेलबाट नेपाल सात अंकसहित शीर्ष स्थानमा छ ।

## मागियो औद्योगिक पुनरूत्थान विशेष क्षेत्र

सन्देश संवाददाता

विराटनगर/मोरङ–सुनसरी औद्योगिक करिडोरका बन्द तथा रुग्ण उद्योग पुन:सञ्चालनका लागि कोशी प्रदेश सरकारले ठोस नीति, सहुलियत र विशेष पुनरुत्थान कार्यक्रम ल्याउनुपर्ने माग निजीक्षेत्रको छ । उद्योगी व्यवसायीले आगामी आर्थिक वर्षको बजेटमार्फत् उत्पादन–मुखी उद्योगलाई पुनर्जीवन दिने गरी विशेष कार्यक्रम घोषणा गर्न प्रदेश सरकारसँग माग गरेका हुन् । कोभिड महामारीदेखि थलिएर बन्द हुने अवस्थामा पुगेका उद्योगहरुलाई प्रदेश सरकारले विशेष अनुदान दिएर पुनरुत्थान गर्नुपर्नेमा जोड दिइएको छ ।

भुकम्प, कोभिड महामा–रीलगायत समस्याबाट थलिँदै हाल उत्पादनमूलक केही उद्योग बन्द हुने अवस्थामा पुगेका छन् । ती उद्योगलाई प्रोत्साहित गर्न पनि अनुदानको व्यवस्था हुनुपर्ने एक उद्योगीको भनाइ छ । हाल उद्योगहरुमा नयाँ प्रविधि प्रयोग भइरहेकाले त्यस्ता समस्याग्रस्त उद्योगमा प्रविधि भित्र्याउन पनि पुँजी अभाव देखिएको छ । पुँजीको व्यवस्था भए प्रविधि भित्र्याएर उद्योग उत्पादन वृद्धि गर्न सकिनेछ । ती उद्योगीका अनुसार जसबाट थप रोजगारी सिर्जना हुनुका साथै निर्यातमा समेत सहयोग पुग्नेछ ।

देशकै पहिलो उद्योगका रुपमा १९९३ मा स्थापना भएको विराटनगर जुट मिलसहित मोरङ–सुनसरी औद्योगिक क्षेत्रमा रहेका दर्जनौं उद्योग वर्षौंदेखि बन्द, अर्धसञ्चालित वा रुग्ण अवस्थामा पुगेका छन् । उद्योगहरु बन्द हुँदा हजारौं श्रमिक रोजगारीबाट वञ्चित भएका छन् भने औद्योगिक उत्पादन, निर्यात र स्थानीय आर्थिक गतिविधिमा समेत प्रत्यक्ष असर परेको व्यवसायीहरुको भनाइ छ । संघीय सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत् सार्वजनिक–निजी साझेदारी (पीपीपी) मोडलमा रुग्ण उद्योग पुनरुत्थान कार्यक्रम अघि बढाएसागै प्रदेशस्तर बाट पनि त्यसलाई सहयोग पुग्ने नीति आवश्यक भएको उद्योगीहरुको धारणा छ । संघीय सरकारले निजी क्षेत्रलाई सञ्चालन अधिकार, कर सहुलियत, पूर्वाधार उपयोग, लगानी सुरक्षा तथा वित्तीय प्रोत्साहन उपलब्ध गराउने तयारी गरिरहेको अवस्थामा प्रदेश सरकारले समेत उद्योगमैत्री वातावरण बनाउनुपर्ने उनीहरूको माग छ ।

अर्थ मन्त्रालयले गोरखकाली रबर उद्योगसहित सात प्रमुख रुग्ण संस्थानको सम्पत्ति तथा दायित्व मूल्यांकन प्रक्रिया अघि बढाइसकेको छ । गोरखकाली रबर उद्योगको ड्यु डिलिजेन्स अडिट प्रतिवेदन अर्थमन्त्री समक्ष बुझाइसकेको छ भने जनकपुर चुरोट कारखाना, बुटवल धागो कार खाना, नेपाल मेटल कम्पनी तथा नेपाल ओरिन्ट एन्ड म्याग्नेसाइट उद्योग पुन:सञ्चालनका लागि पर–ामर्शदाता छनौट प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

उद्योगीहरुका अनुसार उच्च उत्पादन लागत, कमजोर बजार पहुँच, ऊर्जा लागत, दक्ष जनशक्ति अभाव, वित्तीय संकट तथा अस्थिर नीतिका कारण धेरै उद्योग रुग्ण अवस्थामा पुगेका हुन् । उनीहरुले प्रदेश सरकारले औद्योगिक पुनरुत्थान कोष स्थापना गरी सहुलियतपूर्ण कर्जा, विद्युत् महसुल छुट, भन्सार तथा करमा राहत, दीर्घकालीन लिज सुबिधा र श्रम व्यवस्थापनमा सहजी करण गर्नुपर्ने सुझाव दिएका छन् ।

एक उद्योगीका अनुसार बन्द उद्योग सञ्चालनमा आए उत्पादन वृद्धिमात्र नभइ सयौं युवाले प्रत्यक्ष रोजगारी पाउने, आयात प्रतिस्थापन हुने र प्रदेशको राजस्वसमेत बढ्नेछ । 'प्रदेश सरकारले औद्योगिक पुनर्जाग–रणलाई प्राथमिकतामा राख्न सके कोशी पुन: औद्योगिक केन्द्रका रुपमा स्थापित हुन सक्छ,' उनले भने ।

नेपाल उद्योग परिसंघ कोशी प्रदेशका अध्यक्ष पवनकुमार सारडाले उत्पादनमूलक उद्योगलाई सञ्चालनमा ल्याउन संघीय र प्रदेश सरकारबीच समन्वित कार्यक्रम आवश्यक रहेको बताए । उनका अनुसार सञ्चालन हुन सक्ने उद्योगलाई अनुदान, सहुलियतपूर्ण वित्तीय पहुँच र उत्पादन खरिदमा सरकारी प्राथमिकता दिन सके औद्योगिक क्षेत्र पुन: चलायमान बन्न सक्छ । उद्योगीहरुले कोशी प्रदेशलाई औद्योगिक पुनरुत्थान विशेष क्षेत्र घोषणा गरी निजी लगानी आकर्षित गर्नुपर्ने सुझावसमेत दिएका छन् । उद्योगको आधुनिकीकरण तथा निर्यातमुखी उद्योग प्रवर्द्धनमा सरकारले स्पष्ट नीति ल्याउन सके विराटनगर –सुनसरी क्षेत्र पुन:राष्ट्रियरुपमा उद्योग क्षेत्र बन्ने सम्भावना छ ।

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

## इभी नीति संवाद :
**दिगो यातायात विकासमा जोड**

सन्देश संवाददाता



हेटौँडा/हेटौंडामा नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा नेपाल) तथा बागमती प्रदेश अटोमोबाइल्स एसोसिएसनको आयोजनामा "इमर्जन नेपाल: ड्राइभिङ द फ्युचर" अभियान अन्तर्गत "पोलिसी डाइलग अन इलेक्ट्रिक भेहिकल एडप्सन" कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा इभी प्रवर्द्धन, नीति स्थायित्व, पूर्वाधार विकास तथा जनचेतनाका विषयमा व्यापक छलफल गरिएको थियो ।

बागमती प्रदेश अटोमोबाइल्स एसोसिएसनका अध्यक्ष राजन पियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अटोमोबाइल व्यवसायी, इन्जिनियर, इभी प्रयोगकर्ता, पत्रकार तथा सरोकारवालाको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन नासा नेपालका कार्यकारी निर्देशक गोविन्द भट्टराईले गरेका थिए ।

कार्यक्रममा मेकानिकल इन्जिनियर आदर्श पौडेलले इभीको वर्तमान अवस्था, बजार, कर प्रणाली, ब्याट्री व्यवस्थापन, अवसर तथा चुनौतीबारे प्रस्तुति दिएका थिए । सहभागीहरूले नेपालमा इभीप्रति सकारात्मक आकर्षण बढ्दै गएको उल्लेख गर्दै चार्जिङ स्टेशन विस्तार, दीर्घकालीन विद्युत् आपूर्ति, कर स्थायित्व र ब्याट्री रिसाइकल व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने धारणा राखेका थिए ।

छलफलका क्रममा इभी प्रवर्द्धनसँगै दक्ष जनशक्ति विकास, प्राविधिक तालिम, सार्वजनिक यातायातमा सुरक्षा मापदण्ड तथा तथ्यपरक सूचना प्रवाहको आवश्यकता औंल्याइएको थियो । कार्यक्रमबाट प्राप्त सुझावलाई प्रतिवेदनमार्फत् संघीय, प्रदेश र स्थानीय तहमा पेश गरिने आयोजकले जनाएको छ ।

साथै "इमर्जन नेपाल: ड्राइभिङ द फ्युचर" अभियानअन्तर्गत देश–व्यापी संवाद, सर्वेक्षण तथा गरिने जानकारी दिइएको छ ।

## श्रम संस्कृति पार्टीको प्रदेश तदर्थ समिति गठन

सन्देश संवाददाता

हेटौंडा/श्रम संस्कृति पार्टी बागमती प्रदेशको तदर्थ समिति सर्वसम्मत् गठन गरिएको छ । नवगठित समिति अध्यक्षमा निमा मोक्तानतामाङ चयन भएका छन् । उपाध्यक्षहरुमा श्यामलाल योञ्जन, किशोर रानामगर, पशुपति तुलाधर, निता पाण्डे तथा सञ्जय राई चयन भएका छन् ।

यस्तै सचिवमा जगन्नाथ पौडेल, सहसचिवमा धर्मचन्द्र योञ्जन, रत्नमान शंखदेव तथा टेकबहादुर लिम्बु चयन भएका छन् ।

कोषाध्यक्षमा नवराज थापा तथा सहकोषाध्यक्ष रेनुका श्रेष्ठ र राजु नेपाल चयन भएका छन् । प्रवक्तामा उपेन्द्रप्रसाद रिमाल तथा सहप्रवक्तामा मर्सी तामाङ र नृपेश मिजार चयन भएका छन् । सदस्यहरुमा कुमार तामाङ, राजेन्द्र गिरी, मणि शाही, लक्पा शेर्पालगायत रहेका छन् ।

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने